वर्ष : १६, अंक : ३५, काठमाडौं, २०७७ पुस ३ गते शुक्रबार, 18 December 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## 'नेकपाले मुलुकलाई बन्धक बनायो'



जनकपुरधाम । जनता समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरले आन्तरिक विवादका कारण नेकपाले मुलुकलाई बन्धक बनाएको आरोप लगाएका छन् । मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत महोत्तरीको मनरा सिस्वा नपा १० मधवामा पोखरी सौन्दर्यीकरणको शिलान्यास गर्दै अध्यक्ष ठाकुरले मुलुक कोरोना महामारीका कारण अस्तव्यस्त बनेको अवस्थामा समेत आन्तरिक किचलोका कारण नेकपा नेतृत्वको सरकारले मुलुकलाई सही दिसा दिन नसकेको बताएका हुन् ।

शिक्षा, स्वास्थ्य , व्यवसाय सबै धाराशायी बनेको उल्लेख गर्दै अध्यक्ष ठाकुरले भने, 'कोरोना महामारी लगायतको समस्याले मुलुक जटिल अवस्थामा छ, तर नेकपा आन्तरिक विवादमै मस्त छन् ।'

कार्यक्रममा विशिष्ट अतिथि मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले संघ सरकार प्रदेश २ संग सौताको व्यवहार गरि रहेको आरोप लगाए । बजेटको बाँटफाँड लगायतको विषयमा केन्द्र सरकारक आफुहरु संग सौताको व्यवहार गर्दै आएको उनको कथन थियो ।

प्रदेश सरकार सिमित स्रोत साधनका बीच विकास निर्माणको कामलाई प्राथमिकताका साथ अघि बढाएको उल्लेख गर्दै मुख्यमन्त्री राउतले अधिकार सहितको संघीयता कार्यान्वयनका लागी प्रदेश सरकार संघ सरकार माथि एकपछि अर्को मुद्दा दिँदै कानूनी लडाई लडिरहेको उल्लेख गरे ।

मनरा सिस्वा नपाका प्रमुख संजय सिंहको अध्यक्षतामा भएको उक्त शिलान्यास कार्यक्रममा समाजिक विकास राज्यमन्त्री अभिराम शर्मा, प्रदेश सभा सदस्य रानी शर्मा तिवारी, अल्का झा, मुख्य न्यायधिवक्ता दिपेन्द्र झा सहितका वक्ताहरुले सम्बोधन गरेका थिए । तीन करोड ५५ लाखको लागतमा १५ महिनाभित्र उक्त पोखरीको सौन्दर्यीकरण कार्य सम्पन्न हुने मुख्यमन्त्री स्वच्छता अभियानका सिनियर डिभिजनल इन्जिनियर भगवान झाले बताए ।

# उखु किसानलाई सरकारले पनि ठग्दै

## वार्ताका लागि दुईबुँदे शर्त

**मधेशवाणी डेस्क**

*सानो छ खेत सानो छ बारी सानै छ जहान*
*सानो छ देश ठूलो छ सरकार अटेन किसान ।*

उपरोक्त कविताांश आन्दोलित उखु किसानको नारा नभई एउटा कविताको फ्युजन हो । कवि दैवज्ञराज न्यौपानेले लेखेका 'किसानको रहर' कविताको अंशलाई फ्युजन गरेर यस्तो सिर्जनात्मक नारा बनाइएको हो ।

सिर्जनात्मक नारा बनाएर पीडित उखु किसानले आफ्नो वेदनामात्रै पोखेका छैनन्, सरकारलाई चोटिलो व्यङ्ग्य पनि प्रहार गरेका छन् । यो व्यङ्ग्यमा किसानको पीडानुभूति पनि छ । तर सरकारलाई न यो व्यङ्ग्यले छोएको छ, न त उखु किसानको पीडाले नै । सरकार सत्ता संघर्षमा लीन छ । नेतृत्व तह आन्तरिक कलहमा अल्मलिएको छ । सरकारलाई उखु किसानको पीरमर्का बुझ्ने फुर्सद छैन । जनताको आवाज सुन्ने फुर्सद छैन किनभने उ बहुमतको सत्ता उन्मादले उन्मत्त छ ।

आफ्नो बक्यौता रकम भुक्तानीको माग गर्दै मंसिर २८ गतेदेखि संघीय राजधानी काठमाडौंको माइतीघर मण्डलामा उखु किसानले पुन: आन्दोलन शुरु गरेका छन् । यस्तै आन्दोलन गत वर्ष पुसमा पनि भएको थियो । तराईका विभिन्न जिल्लाबाट वर्षभरी आफूले उत्पादन गरी बिक्री गरेको उखुको मूल्य लिन उनीहरुले गत वर्ष पनि काठमाडौंमा करिब तीन हप्ता आन्दोलन गरे ।

पुस १८ गते उखु किसान र सरकारबीच पाँच बुँदे सहमति भयो । उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टको पहलमा भएको २०७६ माघ ७ गतेभित्र भुक्तानी गरिसक्ने सहमति भएको थियो । तर, सरकारसँग भएको सहमति एक वर्ष बित्न लाग्दा पनि कार्यान्वयन नभएपछि उखु किसान पुन: रकम भुक्तानी माग गर्दै काठमाडौं आएर आन्दोलन शुरु गरेका हुन । उखु बेचेको पैसा माग्दा माग्दा किसान हैरान भए । तर, सरकार सुने पनि नसुने झैं गरी कानमा तेल हालेर बसिरहेको छ ।



काठमाडौं आइपुगेका उखु किसानहरुले पाउनुपर्ने सबै रकम बोकेर मात्र घर जाने उखु किसान संघर्ष समिति सर्लाहीका सचिव हरिश्याम रायले बताए । त्यसो आन्दोलनका लागि देशभरबाट एक हजार उखु किसान संघीय राजधानी काठमाडौं आइरहेका छन् । पहिलो चरणमा माइतीघर मण्डलामा उनीहरु शान्तिपूर्ण प्रदर्शन गरिरहेका छन् ।

यस अघि कात्तिक २३ गते काठमाडौं आएका उनीहरुहले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टलाई भेटेर ज्ञापनपत्र बुझाएका थिए । मन्त्रीलाई भेटेको भोलिपल्ट उनीहरुले राष्ट्रपति विद्यादेवी भण्डारीलाई पनि भेटेका थिए । कात्तिक २४ गते राष्ट्रपति भण्डारीलाई भेटेर ज्ञापनपत्र बुझाउँदै उखु किसानहरुले वर्षौंदेखि नपाएको बक्यौता रकम पाउने व्यवस्था मिलाइ दिन आग्रह गरेका थिए । राष्ट्रपति भण्डारीले ज्ञापनपत्र बुझ्दै यसबारे पहल गर्ने बताएकी थिइन् । तर, यस बीचमा राष्ट्रपति भण्डारीले पहल गरिन् वा गरिनन् त्यो उनैलाई थाहा होला ।

नगदे बालीका रुपमा परिचित उखु खेती गर्ने किसानलाई बर्सेनि चिनी मिल सञ्चालकले त झुलाउँदै आएछ, यता सरकारले पनि पटक-पटक झुक्याउन गरेको छ । किसानको बक्यौता रकम ९० करोड पुगिसकेको छ । तर, उद्योगीहरुले बक्यौता तिर्नको सट्टा उद्योग बन्द गरेर दु:ख दिन थालेकाले पुन: आन्दोलन गर्नु परेको उनीहरुले बताए ।

गत वर्ष जाडोमा माइतीघर भण्डलामा गरेको आन्दोलन गरेको सम्झँदै सर्लाही गौडैता नगरपालिका सिसौटाका किसान रामविलास महतोले यो वर्ष पैसा लिएरै गाउँ फर्कने बताए । उनले भने-'अब आश्वासन होइन, पैसा लिएर मात्र घर फर्किन्छौं ।'

देशभर सञ्चालित १३ चिनी मिलमध्ये ६ वटाले भुक्तानी नदिएर दु:ख दिएको किसानहरूको गुनासो छ । सबैभन्दा बढी ३५ करोड रुपैयाँ बक्यौता रहेको रौतहटको श्रीराम सुगर मिल बन्द छ । सो मिलको चल-अचल सम्पत्ति बिक्री गरेर किसानलाई भुक्तानी दिने प्रक्रिया अघि बढाइएको छ । त्यस्तै, सर्लाहीको अन्नपूर्ण सुगर मिलले ३० करोड रुपैयाँ भुक्तानी गर्न बाँकी छ । सो उद्योग २०७१ मा स्थापना भएको र सोही वर्षदेखिको बक्यौता बाँकी छ ।

सर्लाहीकै गोडैता नगरपालिकामा रहेको महालक्ष्मी सुगर मिलको ६ करोड बक्यौता छ । यो मिलले न्यूनतम समर्थन मूल्यभन्दा प्रतिक्विन्टल ३६ रुपैयाँ कम भुक्तानी दिएर किसानलाई ठगेको छ । सरकारी कार्यालयमा सबै रकम भुक्तानी दिएको दाबी मिल प्रशासनले गरेको छ ।

त्यस्तै, नवलपरासीको लुम्बिनी चिनी मिलले १० करोड भुक्तानी दिन बाँकी छ । सो मिलका उद्योगी मनीष अग्रवालले सरकारबाट लिजमा लिएर सञ्चालन गरेका थिए । दुई वर्षअघि उनको निधन भएयता भुक्तानीमा समस्या देखिएको हो । अहिले मिल सुनीता गोयलले सञ्चालन गर्दै आए पनि भुक्तानी दिन आनाकानी गर्दै आएकी छन् ।

*बाँकी अन्तिम पृष्ठमा*

## 'राज्य कोषबाट उखु किसानको बक्यौता भुक्तानी गरियोस्'



**अन्तर्वार्ता पृष्ठ ३ मा**

## प्रदेश २ को आफ्नै राजपत्र

काठमाडौं । प्रदेश २ सरकारले अब आफनै राजपत्र प्रकाशन गर्ने भएको छ। प्रदेश २ सरकारले ल्याउने ऐन-कानुन राजपत्रमा प्रकाशित गराउन यसअघि संघीय सरकारको सञ्चार तथा सूचना प्राविधि मन्त्रालयअन्तर्गतको मुद्रण विभागको सहयोग लिँदै आएको थियो। अब प्रदेश २ मन्त्रिपरिषद् बैठकले प्रदेश राजपत्र प्रकाशन निर्देशिका-२०७७ पारित गरेपछि संघीय सरकारको भर पर्नुपर्ने बाध्यता हटेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ। सरकारले ल्याउने कुनै पनि ऐन-कानुन कार्यान्वयमा ल्याउनका लागि राजपत्रमा प्रकाशित गराउनुपर्ने व्यवस्था छ।

प्रदेश प्रमुखबाट प्रमाणीकरण भएको ऐनलाई राजपत्रमा प्रकाशित गर्न प्रदेश सरकारले प्रदेश मुद्रण छापाखानाको स्थापना गर्ने जनाएको छ। प्रदेश मुद्रण छापाखाना स्थापना निर्णय भएसँगै ऐनहरू राजपत्रमा प्रकाशित गरिन थालेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका कानुन अधिकृत सुरेन्द्र महतोले जानकारी दिए।

प्रदेश अनुसन्धान ब्युरो, प्रदेश एफएम रेडियो, टेलिभिजन सञ्चालनसम्बन्धी ऐन, प्रदेश जनलोकपाल ऐन, गाउँसभा, नगरसभा, कानुन निर्माण प्रक्रियासम्बन्धी ऐन, प्रदेश सञ्चारसम्बन्धी ऐन प्रदेश राजपत्रमा प्रकाशित गरेको महतोले बताए।

## स्थानीय पाठ्यक्रम शुरु गर्दै बर्दिवास

बर्दिवास । महोत्तरीको बर्दिवास नगरपालिकाले विद्यालयमा स्थानीय पाठ्यक्रम लागू गर्ने भएको छ । आउने नयाँ २०७८ सालको शैक्षिक सत्रदेखि स्थानीय पाठ्यक्रम लागू गर्न लागिएको नगर कार्यपालिकाको कार्यालयको शिक्षा, युवा तथा खेलकूद शाखाले जनाएको हो । यसरी स्थानीय पाठ्यक्रम लागू गर्ने बर्दिवास प्रदेश नं २ कै पहिलो स्थानीय तह बनेको छ ।

हाल कायम रहेको पाठ्यक्रममा कक्षा १ देखि ८ सम्मका छात्रछात्रालाई एक विषय थपिने गरी स्थानीय पाठ्यक्रम लागू गर्न लागिएको हो । प्रथम चरणअन्तर्गत शैक्षिक सत्र २०७८ मा कक्षा १ देखि ५ सम्म स्थानीय पाठ्यक्रम लागू हुने र कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम २०७९ मा लागू गरिने शाखा प्रमुख गणेशप्रसाद दाहालले जानकारी दिए ।

नगर क्षेत्रभित्रका ५२ सामुदायिक र २२ संस्थागत विद्यालयमा हालै स्वीकृत गरिएको स्थानीय पाठ्यक्रमअनुसारको पाठ्यपुस्तक (कक्षा १ देखि ५ सम्मका) शैक्षिक सत्रको प्रारम्भमै सबै विद्यार्थीले पाउने नगरको शिक्षा, युवा तथा खेलकूद शाखाले जनाएको छ । कक्षा तहअनुसार क्रमश: आफ्नो स्थानीय तहको परिचय समेटिएको नयाँ पाठ्यक्रम (स्थानीय पाठ्यक्रम) अनुसार विद्यार्थी आफ्नो परिवेशबारे जानकार हुने शाखा प्रमुख दाहालको भनाइ छ । स्वीकृत गरिएको नयाँ स्थानीय पाठ्यक्रम कक्षा १ देखि ८ सम्मका छात्रछात्रालाई यसअघि पठनपाठन भइरहेका विषयमा एउटा थप हुने र यसका लागि चाहिने अतिरिक्त जनशक्ति (शिक्षक) नगरपालिकाले व्यवस्थापन गर्ने भएको छ ।

नगरपालिकाले २०७७ को प्रारम्भमै स्थानीय पाठ्यक्रम लागू गर्ने नीतिगत निर्णय गरेसँगै प्रक्रियाअनुसार पाठ्यक्रम निर्माणको जिम्मेवारी पाएको सभ्यता अनुसन्धान केन्द्र काठमाडौंले कक्षा भारअनुसार पाठ्यक्रममा समावेश गरिने विषयसूचीबारे विभिन्न विषयका विज्ञसँगको कयौं चरणको छलफलपछि तयार पारेको हो । 'हामी त कक्षा १ देखि ८ सम्म २०७८ मै पढाउन

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय

# गुलियो उखुको तीतो कथा

सहमतिअनुसार आफ्नो मेहनतको फल नपाएपछि मधेशका उखु किसानहरु पुसको चिसोमा फेरि काठमाडौंलाई तताएको छ । आफूहरूले बिक्री गरेको उखुको भुक्तानी नपाउँदा साहूको ऋण तिर्न नसकेर उठिवासै हुन लाग्दा भनेर गत वर्ष पनि उखु किसान आन्दोलित भएका थिए । मधेशमा मात्रै आन्दोलन गरेर आफ्नो समस्याको सुनुवाई नहुँदा उखु किसानहरू फेरि संघीय राजधानी काठमाडौंसम्म आएका हुन । उनीहरु गत वर्ष पनि माइतीघर मण्डलमा धर्ना बसेका थिए र अहिले पनि बसिरहेका छन् । सिंहदरबारमा बस्ने सरकारले आफूहरूको समस्यालाई छिटो सम्बोधन गर्ला कि भन्ने आशा छ उनहरुमा ।
उखु किसानको बाँकी बक्यौता भुक्तानीका लागि पहल गर्ने भन्दै उखु किसान संघर्ष समितिसँग सरकारले गत वर्ष पुस १८ गते पाँचबुदे सहमति गरेको थियो । सहमतिअनुसार माघ ७ गतेभित्र उखु किसानको सम्पूर्ण बक्यौता रकम चिनी उद्योगीले भुक्तानी गर्नेगरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आवश्यक समन्वय र सहजीकरण गर्ने उल्लेख थियो । तर एक वर्ष पछि पनि उनीहरुको समस्य उस्तै छ । सरकारले उनीहरुको माग सम्बोधन गर्ने तर्फ ध्यानै दिएन ।  सरकारले नै उखुको भुक्तानी दिलाउने आफ्नो वाचा बिर्सेपछि चिनी उद्योगका मालिकहरूलाई पनि हाइ सञ्चो भयो ।
सरकारले सम्झौताअनुसार उखुको बाँकी बक्यौता भुक्तानीमा आफ्नो भूमिका निर्वाह नगरेपछि पीडित किसानका केही प्रतिनिधि फेरि सरकारलाई घच्घच्याउन

**कृषिमा आधारित उद्योगहरू किसानलाई रुवाएर कति दिन चल्न सक्छन् ? तर चिनी उद्योगहरूले गम्भीरपूर्वक सोचेको देखिएको छैन । भुक्तानी नदिई उद्योग बन्द गर्नु समाधान होइन ।**

गत कात्तिक २३ गते काठमाडौं आए । उनीहरूले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीलाई भेटेर ज्ञापनपत्र बुझाए । छठसम्ममा बाँकी बक्यौता भुक्तानी नभए मंसिर २७ गतदेखि पुनः आन्दोलन गर्ने चेतावनी पनि दिए । तर छठसम्मको के कुरा आजको मितिसम्म पनि उनीहरूले एक सुको पाउन सकेका छैनन । यसैकारण उनीहरू मंसिर २८ गतेदेखि पुनः आन्दोलनमा उत्रिन बाध्य भएका हुन ।
सरकार अहिले सत्तासंघर्षमा लीन छ । उसलाई किसानको पीडाबारे सोच्न फुर्सतै छैन ।  बहुमतको सत्ताउन्मादले उन्मत्त छ सरकार । त्यसैले ऊ कसैलाई सुन्दैन र कसैलाई टेर्दैन । त्यसैले उखु किसानहरू मधेशदेखि काठमाडौंसम्म आएर सडकमा धर्ना कसेर रुन बाध्य छन् ।
पीडित उखु किसानको झण्डै ९० करोड रुपियाँ भुक्तानी पाउन बाँकी छ । आखिर किन गर्दैनन् चिनी उद्योगहरूले उखुको भुक्तानी/ ? यतिखेर यो प्रश्न ज्वलन्तरूपमा उठिरहेको छ । कृषिमा आधारित उद्योगहरू किसानलाई रुवाएर कति दिन चल्न सक्छन् ? तर चिनी उद्योगहरूले गम्भीरपूर्वक सोचेको देखिएको छैन । भुक्तानी नदिई उद्योग बन्द गर्नु समाधान होइन र यो न्यायोचित कदम पनि होइन । सरकार उखु किसानको समस्याप्रति गम्भीर छ भने बन्द उद्योगको जायजेथा बेचेर भए पनि बाँकी बक्यौता भुक्तानी गराउनुपर्छ । यहाँ सरकारको जागरुकता र इच्छाशक्तिको खाँचो छ ।

# कोरोना, शीतलहर र आन्दोलनको ताप

**विचार-विश्लेषण** भाग-७७



उपेन्द्र झा

**अनियन्त्रित ओलीका यस्ता असंवैधानिक कदमहरु बढ्दै आएको छ । शेरबहादुर देउवा र अग्नि प्रसाद सापकोटा बैठकमा नगएर ओली सच्चिन्छ कि भनेर आश गरेको त, ओलीले सबैलाई आफ्नो पराक्रम देखाएर आश्चर्यचकित बनाई दिए । ओलीको यो कदमले सिंगै शासन प्रणालीमाथि संकट आउन सक्ने आभाष दिएको छ ।**

कोरोना, शीतलहर र आन्दोलनको ताप

कोरोनाको महामारीले फैलाएको रोग र भोकमरीबाट अत्यन्त कष्टकर जीवन बिताइरहेका आम जनता शक्तिशाली सम्पन्न र स्थिर सरकारबाट संरक्षण र राहत केही पाउन नसकेर सडकमा उत्रिन बाध्य भएका छन् ।

सरकार विरुद्धको यो स्वतः स्फूर्त असन्तुष्ट आन्दोलन राजनीतिक कुनै दलहरुलाई महत्व नदिई राजनीतिक वृतबाट बाहिर बसेर आम नागरिक सरह जीवनयापन गरिरहेका पूर्वराजा ज्ञानेन्द्र शाहलाई नै वैकल्पिक शक्ति मानेर समर्थनमा सडक तताएको छ ।

देशभरि कोरोनाको कहर त छँदैछ । चिसो बढेका कारण कोरोनाको वृद्धि तीव्र हुने सम्भावना पनि छ । मधेशमा शीतलहरको प्रकोप बढ्न थालेको छ । यस्तो कष्टकर परिस्थितिमा जनता व्यवस्था परिवर्तन गर्ने सोच लिएर सडकमा उत्रिनु प्रगतिशील, समृद्ध सरकारका लागि लज्जाबोधको विषय नभएपनि देशको लागि ठूलो दुर्भाग्यको कुरा हो । कोरोना, शीतलहर र आन्दोलन तीनवटै आम जनतामा महाव्यापिको प्रकोप भएकोले यसले निकै मानव क्षति गराउन सक्दछ । नकारात्मक सोचबाट ग्रसित सरकार जनताको समर्थनमा उभिन चाहँदैन ।

प्रतिगमनको आन्दोलन भनेर सराप्दै सरकारले "राजावादीको यो सपना कहिल्यै पूरा हुँदैन" भनेर घृणात्मक व्यवहार र दमनले आगोको सानो झिल्का दावानलमा रुपान्तरण नहोला भन्न सकिन्न ।

"संघीय लोकतान्त्रिक गणतन्त्र" ल्याउन सयौं शहीदको शहादत खेर जाने परिस्थिति सृजना हुन थालेको छ । जनताका लागि वर्तमान अवस्था प्रतिकूल महसूस हुन थालेपछि जनता अनुकूल परिस्थिति सृजना गर्न विपरीत दिशामा जान लागेको कथित प्रगतिशील र शक्तिशाली सरकारको बितेको ३ वर्षमा असंवैधानिक गतिविधि, अलोकतान्त्रिक क्रियाकलाप, भ्रष्टाचारलाई प्रश्रय तथा आफ्नो निरंकूश सामन्ती चरित्रको नाङ्गो प्रदर्शनले देशको राजनैतिक धरातल नै असन्तुष्ट भएको छ ।

दुईतिहाई नजिक रहेको अहिले सरकारको काम, कर्तव्य उत्साहवर्धक, देश र जनताको पक्षमा हुनुपर्दथ्यो । पहिलोपल्ट देशले पाएको स्थिर सरकारले ७० वर्षको लामो प्रतीक्षामा रहेको देश र जनताको विकासलाई छाडेर आफू र आफूलाई समृद्ध पार्न सिङ्गै सरकारी संयन्त्रलाई प्रयोग गरेका कारण ओली गुट बाहेकका सबै शक्ति र आम जनता असन्तुष्ट भएका छन् ।

सरकारको काम, कारवाही पथभ्रष्ट भएपछि जनताको पीडालाई प्रतिपक्षले सुम्सुम्याउनु पर्ने अवस्थामा आफै किंकर्तव्यविमुढ भूमिकाविहीन अवस्थामा देखिएको छ । रामचन्द्र पौडेलसँग प्रहरी प्रशासनले गरेको अभद्र व्यवहारप्रति नेपाली काँग्रेसले घटनाको १५औं दिन साईत जुराएर मंसिर २९ गते एकदिन देशभर सरकारको विरुद्ध शक्ति प्रदर्शन गरेको हो ।

सरकार विरुद्ध देशभर स्वतः स्फूर्त भइरहेको प्रदर्शनकै बेला नेपाली काँग्रेसको विरोध प्रदर्शन समर्थनको लागि गरिएको त होइन, वुद्धिजीवीहरुले अडकल पनि गरेका छन् । सरकारसँग पनि र सरकारको विरुद्धमा पनि नेपाली काँग्रेसको भूमिकाप्रति जनता सशंकित बनेका छन् ।

राजनीतिको असन्तुष्ट धरातलबाट उठेको स्वतः स्फूर्त आन्दोलन परालको आगो जस्तै तुरुन्तै सेलाउने दावा सबैले गरेका छन् । यसको कुनै गन्तव्य छैन । क्षणिक आक्रोशको कुनै संगठित शक्ति हुँदैन, भनिन्छ । तर यथार्थबाट बेखबर सरकारको जनविरोधी गतिविधि तथा आन्दोलनलाई ऐक्यवद्धता जनाउँदै साना साना पार्टीहरुको संगठित हुने क्रमले आन्दोलन ठूलै रुप लिने आँकलन सबैले गरेका छन् । तर परिणाम के हुने भन्नेबारे कसैले भन्न सकिरहेको छैन ।

ओलीको विजयोन्माद अकाट्य अहंकारको ठोस रुप लिएको छ । उनको अहंकार नै उनको शक्तिको स्रोत केन्द्र हो । उनको पराक्रम अतुलनीय छ । उनले चीनसँग सम्बन्ध बनाएर आर्थिक सहयोग जुटाएको, भारतलाई गाली गर्ने हिम्मत देखाएको, देशभरका राष्ट्रवादीहरुलाई संगठित पारी दुई तिहाईको सरकार बनाएको, सबै शक्तिलाई आफ्नो समर्थनमा ल्याएको वा नतमस्तक बनाएको आदि कठीन कार्यहरु गरेर देवत्व प्राप्त गरेको ओलीलाई घेराबन्दी गर्दा रुष्ट हुनु स्वाभाविक हो । यी सबकुरा मानव बलबूताको हुनै सक्दैन ।

अहंकारको यही सोचबाट प्रेरित प्रधानमन्त्री ओलीले सदस्य पदहरु खाली रहेको संवैधानिक समितिको बैठक मंसिर २८ गते बोलाउँदा प्रतिपक्षका सदस्य शेरबहादुर देउवा र सभामुख अग्नि प्रसाद सापकोटा बैठकमा उपस्थित भएन । आफ्नै गुटका मानिसलाई सबै ठाउँमा नियुक्ति दिँदै आएको व्यवहारबाट आफ्नै पार्टी दुई चिरा भएको, प्रतिपक्ष रिसाएको कारण फेरि पनि हाम्रो उपस्थितिबाट ओलीले फाइदा लिने भनेर यी दुईजना बैठकमा उपस्थित भएन ।

संविधानभन्दा माथि आफूलाई बुझ्ने ओलीको अहंकारलाई ठूलै चोट पुगेका कारण ओली पुनश्चः मंसिर ३० गते मंगलबार "सर्वसम्मतबाट निर्णय गराउने"को सट्टा "बहुमतबाट निर्णय गराउने" विधेयक ल्याएको छ । ओलीको यो कदमबाट देशको राजनीतिक वृतमा अनेक शंका उपशंकालाई जन्माएको छ ।

अनियन्त्रित ओलीका यस्ता असंवैधानिक कदमहरु बढ्दै आएको छ । शेरबहादुर देउवा र अग्नि प्रसाद सापकोटा बैठकमा नगएर ओली सच्चिन्छ कि भनेर आश गरेको त, ओलीले सबैलाई आफ्नो पराक्रम देखाएर आश्चर्यचकित बनाई दिए । ओलीको यो कदमले सिंगै शासन प्रणालीमाथि संकट आउन सक्ने आभाष दिएको छ ।

अब देशको राजनीतिक नकारात्मक ढंगले क्रिया प्रतिक्रियाको शिकार बन्न पुगेको छ । यसले अब संसद अधिवेशन बोलाउन ओलीलाई दबाब बढ्ने भएपछि ओलीले फेरि कस्तो अनर्गल कदम उठाउँला राजनीतिक गतिरोधले सबैलाई नकारात्मक दिशातिर डोऱ्याइरहेको छ । किनभने स्वार्थको राजनीतिभन्दा कोही माथि उठेको छैन । स्वार्थान्धतामा आफूलाई लाभ हुनेबाहेक अरु केही कुरा हुँदैन । नकारात्मक दलदलबाट देश र जनतालाई बचाउने क्षमता कसैसँग नभएकोले राजनीतिक दुर्घटनाग्रस्त हुने सम्भावना बढ्दै गएको छ ।

अध्यादेशबाट तरंगित बनेको राजनीतिक माहौलमा सबै शक्ति ओली विरुद्ध खनिने डरले ओलीले 'संसद बैठक बोलाउँदा कसैले म विरुद्ध अविश्वासको प्रस्ताव दर्ता नगर्ने शर्तमा म अध्यादेश फिर्ता लिन्छु', भनेर बडो नाटकीय ढंगले आफू सच्चिन मानेको छ । यसबाट तत्काल दुर्घटना रोकिए पनि ओली प्रवृत्तिको कुनै भर छैन, ठेगान छैन ।

janukjha24@gmail.com

## ४६ प्रतिशत मधेशी मानव बेचबिखनबाट प्रभावित

काठमाडौं । मानव बेचबिखन तथा ओसारपसारमा ४६ प्रतिशत मधेशी प्रभावित भएको एक अध्ययनले देखाएको छ । जातीयताका आधारमा विश्लेषण गर्दा मधेशी समुदायबाट बढी संख्यामा विदेशीभूमिमा मानव बेचबिखन हुने गरेको देखिएको हो । सञ्चार माध्यममा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी प्रकाशित सामाग्रीहरु २०७६ माथि गरिएको विश्लेषणात्मक प्रतिवेदनमाथि काठमाडौंमा भएको छलफलमा यसबारे जानकारी दिइएको हो । पत्रकार विजय पौडेलले २०७६ वैशाखदेखि चैतसम्म सञ्चारमाध्याममा संप्रेषण भएका समाचार र समाचारमूलक सामग्रीमाथि अध्ययन गरी विश्लेषणात्मक प्रतिवेदन तयार पारेका थिए ।
समाजमा भइरहेका मानव बेचबिखन तथा ओसारपसार एवं मानव तस्करीका घटना र कारणहरुबारे जानकारी दिन, वैदेशिक रोजगारीका क्रममा हुने मानव बेचबिखन, यौन शोषण, श्रमशोषणको अवस्था र आयामहरुबारे जानकारी दिन, प्रभावितको जातीयता, लिंग, उमेर, स्थायी बसोबास मानव बेचबिखन तथा ओसारपसारको प्रकार र उदेश्यबारे जानकारी दिन प्रतिवेदन तयार पारिएको हो ।
सर्लाहीमा सबैभन्दा बढी बेचिएको भेटिएको छ भने आन्तरिक रुपमा हुने गरेको बेचबिखन ११ प्रतिशत छ । बेचिनुका कारणबारे अध्ययन गर्दा ४० प्रतिशत गरिबी र ३६ प्रतिशत रोजगारी र राम्रो आम्दानी हुने एजेन्टको फन्दामा परेको देखिएको छ । यसैगरी दलाल या अपराधीका प्रकारमा ४९ प्रतिशत म्यानपावर कम्पनी तथा एजेन्टबाट बेचिएका छन् भने मानव बेचबिखन तथा ओसारपसारको उद्देश्यमा ५५ प्रतिशत यौनशोषण नै रहेको देखिन्छ । अध्ययनले वैदेशिक रोजगारीलाई छुट्टै सूचकमा राखेर अध्ययन गरेको छ । जसअन्तर्गत २१७ वटा समाचार सम्प्रेषण भएका छन् । प्रतिवेदनमा निश्कर्ष र सुझाव पनि समेटिएको छ ।

# उखु किसानको समस्या र समाधान



ई.बसन्त कुशवाहा

उखु किसानहरु गत वर्षदेखि काठमाडौंकेन्द्रित आन्दोलनका कार्यक्रम गरिरहेका छन् । समस्या अझै पनि समस्याकै रूपमा रहेको छ । यसमा अचम्मको कुरा के हो भने समस्या उत्पन्न गर्ने र समस्याको समाधान गर्न सक्नेहरु पनि आन्दोलनको कार्यक्रममा जान्छन्, फोटो खिच्छन् र सोशल मीडियामा अपलोड गरेर वाहवाही पाउछन् ।

केही दिनमा सरकारी पक्षबाट पनि केही नाटक हुने छन् र किसानहरु घर फिर्ता जाने छन् । ९० करोडमध्ये ८/१० करोड किसानले पाउने छन् र अर्को वर्ष फेरि ८० करोड बाँक़ीका लागि आन्दोलन हुनेछ ।

समस्याको मुख्य कारणहरूः

१. यी सबै चिनी मिलहरु यिनी सत्ताधारी (नेकपा, कांग्रेस र जसपा) पार्टीका नेताहरू या त यिनी समर्थक मालिकहरूको हो । चुनावको बेला करोडौको चन्दा दिएकाहरू हुन् ।

२. यी चिनी मिलका मालिकहरुले मिलको जग्गा र भवनको नाममा यसको मूल्यांकनभन्दा बढी बैंकको पैसा खाइसकेका छन् । साथसाथै किसानको पैसा त खाएकै छन् ।

३. नेकपा र कांग्रेस त जन्मजात मधेश बिरोधी पार्टी हुन् । यिनीहरुको मधेश र मधेशीलाई गुलाम बनाई राख्ने त नीति नै हो । तर प्रदेश २ सरकारले कमसेकम यसमा हस्तक्षेप गरेर समस्या समाधान गर्नु पर्ने हो । तर के गर्ने, त्यो त खाली भोटको लागि मात्रै मधेशी हुन् । अब त मालपानी र भ्रष्टचारमा व्यस्त छन् ।

समस्याको समाधानः

१. चिनी मिल चलाई राख्ने हो भने, हरेक चिनी मिलको व्यवस्थापनमा उखु किसानको प्रतिनिधित्व हुनु पर्छ ।

२. चिनी मिल बन्द छ भने मिलको सबै चल-अचल सम्पति बेचेर किसानको बाँकी पैसा दिनु पर्छ ।

अब यो काम अहिलेको चोर र भ्रष्टाचारी सत्ताधारी पार्टीहरूसँग सम्भव छैन । चोरहरुसँग न्यायको आशा राख्नु नै बेकार हो ।

अबको विकल्प जनमत पार्टी हो । जनमत पार्टीले जनता राज क़ायम गर्ने अठोट लिएको छ । जनमत पार्टीको सरकार भयो भने जनताले जे चाहन्छन्, त्यहीं हुने हो । किसानको आँसू अर्को चुनावसम्म मात्रै बग्ने हो, त्यसपछि किसानको चेहरामा खुशी आउने हो ।

# राज्य कोषबाट उखु किसानको बक्यौता भुक्तानी गरियोस्

निश्चितरुपमा अब उधारोमा सम्झौता हुँदैन । यो हाम्रो आन्दोलन वार पारको हो । यो हाम्रो अन्तिम आन्दोलन हो, निर्णायक आन्दोलन हो र वार वा पारको आन्दोलन हो । हामी आफ्नो भुक्तानी नपाएसम्म काठमाडौंबाट खाली हात फर्कनेवाला छैनौं । हामीसँग गत वर्ष नै सरकारले सम्झौता गऱ्यो कि सम्पूर्ण भुक्तानी हुन्छ तर किन भएन ? सरकारले किन मिल मालिकहरुसँग उठाउन सकेन ? अब हामी त्यतिकै खाली हामी फर्कनेवाला छैनौं ।



## हरिश्याम राय
### सचिव, उखु किसान संघर्ष समिति, सर्लाही

**० तपाईंहरुले गर्दै आउनुभएको काठमाडौंकेन्द्रित आन्दोलनको प्रभाव सरकारलाई कति परेको छ ?**

– हाम्रो आन्दोलनमा दिनहुँ समर्थन र ऐक्यबद्धता बढ्दै गएको छ । काठमाडौंका नागरिक समाज, युवा विद्यार्थी, राजनीतिक दल तथा सञ्चार जगतले पनि हाम्रो आन्दोलनमा सहयोग गरिरहेका छन् । त्यसकारणले हाम्रो आन्दोलनको प्रभाव सरकारलाई निश्चितरुपमा परिरहेको छ । यो सरकारले किसान मजदूरको आवाज सुन्न चाहिरहेको छैन । मजदूर, किसान र उत्पीडित वर्गको वकालत गर्ने कम्युनिष्ट नेतृत्वको सरकारले चाहेको भए हामीले यसत लामो समयसम्म आन्दोलन नै गर्नुपर्ने थिएन । यदि सरकारले चाहेको भए एक दिनमै हाम्रो बाँकी बक्यौता रकम दिएर पठाइदिन्थ्यो । सरकारले नै हामीसँग एक वर्ष पहिला हाम्रो बक्यौता रकम दिलाउने सहमति गरेको थियो । तर अहिलेसम्म पनि किसानको भुक्तानी पूर्णरुपमा भएको छैन । अहिले पनि उखु किसानको ९० करोड रुपैयाँ भुक्तानी हुन बाँकी छ । तर सरकारले दिनुपर्ने अनुदान रकम दिइसकेको छ ।

**० तपाईंहरुले पाउनुपर्ने बक्यौता क–कसले दिएको छैन ?**

– सर्लाहीको महालक्ष्मी सुगर मिल र अन्नपूर्ण मिल, रौतहटको श्रीराम सुगर मिल, नवलपरासीको लुम्बिनी सुगर मिल र इन्दिरा सुगर मिल लगायतका मिलबाट भुक्तानी लिनुपर्ने छ ।

**० बक्यौता नतिरेका मिल सञ्चालकहरुलाई सरकारले पक्राउ गर्न निर्देशन पनि दिएको छ, अब त तपाईंहरुले भुक्तानी पाउनुहुनेछ ?**

– जब हाम्रो खातामा पैसा आउँदैन तबसम्म भुक्तानी हुने हामीलाई विश्वास छैन । सरकारमाथि विश्वास गर्ने आधार नै छैन । किनकि सरकारले गत वर्षको माघ ७ गतेसम्म नै सबै रकम भुक्तानी गराउने लिखित सहमति नै गरेको थियो । त्यो सहमति भएको पनि एक वर्ष पूरा भयो । तैपनि हामीले सरकारलाई बारम्बार ताकेता गर्दा पनि भुक्तानी भएन । अहिले फेरि हामी आन्दोलन गर्न काठमाडौं आउनुपरेको छ ।

**० तर सरकारले वार्ताका लागि त तपाईंहरु पत्र पठाएको छ नि ?**

– जबसम्म सरकारले यसअघि गत पुस १८ गते गरेको सहमति पूरा गर्दैन तबसम्म केको लागि वार्ता गर्ने हामी ? पहिला गरेको सहमति पूरा भएकै छैन भने केको आधारमा पुनः वार्तामा जाने त । सरकारले हामीलाई वार्ता गर्न पत्राचार त गरेको छ तर हामी कुनै पनि हालतमा अब वार्ताको टेबुलमा बस्दैनौं । हामीसँग गत वर्षको भएको पाँच बुँदे सम्झौता पूरा हुनुपऱ्यो, त्यो पूरा भएपछि पुनः आन्दोलन गर्ने आवश्यकतै हुँदैन । हामीले सरकारलाई वार्ताका लागि शर्तसहितको जवाफी पत्र पठाएका छौं ।

**० तपाईंहरुको शर्त के छ त ?**

– जबसम्म भुक्तानीको विश्वसनीयता पूर्ण रुपमा सुनिश्चित हुँदैन तबसम्म यो आन्दोलन जारी रहने जानकारी हामीले सरकारलाई गराइसकेका छौं । भुक्तानीका लागि दुईटा बाटो (शर्त) हामीले सरकारलाई सुझाएका छौं । पहिलो शर्त, उद्योग मन्त्रालयले उद्योगीहरुबाट कुन मितिसम्म भुक्तानी गराउने, त्यो मिति अवधिसम्म हामी पीडित किसान साथीहरु सडकमै रही शान्तिपूर्ण ढंगले आन्दोलन गर्नेछौं । र दोस्रो शर्त, प्रधानमन्त्री राहत कोष वा अन्य कुनै राज्य कोष छ भने त्यस कोषबाट किसानहरुलाई बाँकी बक्यौता रकम भुक्तानी गरियोस् र त्यो सम्पूर्ण रकम उद्योगीहरुबाट सरकारले ब्याजसहित असुल उपर गरी भुक्तानी गरियोस् भन्ने छ । उपरोक्त दुईटा शर्तमध्ये सरकार कुनै एउटा बाटो रोज्ने वातावरण बनाई ठोस आधारका साथ वार्ता गर्न आउँदैन भने वार्ता हुने अर्थ रहने छैन ।

**० अन्नपूर्ण सुगर एण्ड जनरल इण्डष्ट्रिज प्रा.लि.ले तपाईंलाई बिचौलिया भनेर आरोप लगाएको छ नि ?**

– बिचौलियो नजरमा त बिचौलिया नै हो । अन्नपूर्ण सुगर एण्ड जनरल इण्डष्ट्रिजका सञ्चालक राकेश अग्रवाल आफै पनि एउटा माफिया जस्तो हुन् । दुई वर्ष पहिला जब मातृका यादव उद्योगमन्त्री हुनुहुन्थ्यो, त्यो बेलामा राकेश अग्रवालले मन्त्रीलाई भन्थे कि केको मन्त्री सन्त्री ? के गर्छ मलाई ? त्यो रेकर्डिङ्ग एकजनाको मोबाइलमा थियो । त्यो रेकर्डिङ्ग हामीले मन्त्रालयमा पनि सुनायौं । हामीले मन्त्रीजीसँग पनि भेट्यौं र आफ्ना समस्या सुनायौं । मन्त्रीजीले हामीलाई भन्नुभयो कि तपाइँहरु जिल्लामा जानुस्, काठमाडौं आउनु पर्दैन, जिल्लामै आवाज उठाउनुस्, तपाइँहरुले आफ्नो पैसा पाउनुहुन्छ । त्यसपछि हामी जिल्लामै आवाज उठायौं, त्यो बेला राकेश अग्रवाललाई पक्राउ पनि गरिएको थियो । त्यो बेला हाम्रो केही भुक्तानी पनि भएको थियो ।

**० तर, तपाईंले सो इण्डष्ट्रिजबाट पटक–पटक गरी करोडौं रुपैयाँ लिएको भनेर विज्ञप्तिमा नै जारी भएको छ ?**

– मैले लिएको पैसा मेरो मात्रै थिएन, किसानहरुको थियो । मेरो आफ्नै तीन बिघा जग्गा छ, १२ बिघा हुण्डा बटैयामा खेती गर्छु । म पनि आफ्नो गाउँको एउटा राम्रो उखु किसान हुँ । म एक कठ्ठामा ५० क्वीन्टल उखु उब्जाउने किसान हुँ । इण्डष्ट्रिजका सञ्चालक अग्रवालले ममाथि विभिन्न झुठा आरोपहरु लगाउनुभएको छ । यदि उहाँले लगाएको आरोप सही हो भने मेरो अगाडि आएर भन्नुपऱ्यो । एउटा निरीह किसानमाथि यस्ता किसिमका आरोपहरु किन ? हामीले आफ्नो मिहेनतको पैसा मागिरहेका छौं । जतिबेला उहाँले उखु पाइरहनुभएको थिएन, त्यतिबेला अन्य किसानहरुसँग भनेर उखु दिलाइदिनुस् भनेर आग्रह गर्नुभयो । तर, जब त्यो उखुको भुक्तानी माग्दा विचौलिया, करोडौं रुपैयाँ लिएको, मोलमोलाइ गरेको लगायतका आरोपहरु लगाउनुहुन्छ । अहिले पनि उहाँसँग हामी किसानले भुक्तानी लिन बाँकी नै छ । म उहाँलाई आग्रह गर्न चाहन्छु कि आमने-सामने हुनुस्, मैले तपाइँको कति पैसा लिएको छु र हामीले कति पाउनुपर्ने हो । त्यसैले ममाथि लगाइएको आरोप पूर्णरुपमा निराधार हो ।

**० तपाईंहरुको आन्दोलन धर्नामा मात्रै सीमित रहन्छ ?**

– हामीले गर्दै आएको आन्दोलनको अब स्वरुप परिवर्तन हुन्छ । हाम्रो धर्ना प्रदर्शनबाट नै सरकारलाई दबाब बढ्दै गएको छ, विभिन्न पक्षबाट हाम्रो आन्दोलनमा समर्थन र ऐक्यबद्धता बढ्दै गएको छ । हामीलाई आशा छ कि अब सरकारले हाम्रो पीडाप्रति छिट्टै नै ध्यानाकर्षण गर्छ । हाम्रो यो आन्दोलनबाट पनि सरकारले सुनेन भने रिले अनशनलगायतका कार्यक्रमहरु पनि गर्छौं । यो हाम्रो आन्दोलन देशका सम्पूर्ण किसानको पक्षमा रहेको छ । किसानहरुले भोग्दै आएका पीडा सदाका लागि समाप्त होस् भनेर हामी यसपटक निर्णायक आन्दोलन गरिरहेका छौं ।

**० भनेपछि अब उधारो सम्झौता हुँदैन ?**

– निश्चितरुपमा अब उधारोमा सम्झौता हुँदैन । यो हाम्रो आन्दोलन वार पारको हो । यो हाम्रो अन्तिम आन्दोलन हो, निर्णायक आन्दोलन हो र वार वा पारको आन्दोलन हो । हामी आफ्नो भुक्तानी नपाएसम्म काठमाडौंबाट खाली हात फर्कनेवाला छैनौं । हामीसँग गत वर्ष नै सरकारले सम्झौता गऱ्यो कि सम्पूर्ण भुक्तानी हुन्छ तर किन भएन ? सरकारले किन मिल मालिकहरुसँग उठाउन सकेन ? अब हामी त्यतिकै खाली हामी फर्कनेवाला छैनौं । यो कठ्याङग्रिदो चिसोमा आफ्नो ज्यानको कुनै परवाह नै नगरी आन्दोलन गरिरहेका छौं । हामी अनुदान वा भिख मागिरहेका छैनौं, आफ्नो मिहेनतको हक मागिरहेका छौं ।

**० अन्त्यमा के भन्न चाहनुहुन्छ ?**

– म यहाँका आम जनसमुदाय, नागरिक समाज र मिडियाकर्मीहरुलाई आग्रह गर्न चाहन्छु कि हाम्रो यो आन्दोलनमा यसैगरी सहयोग र सद्भाव देखाइरहनुस् । हामीले आफ्नो परिश्रमको फल मागिरहेका छौं । अहिले नेपालका सम्पूर्ण जनसमुदाय हाम्रो आन्दोलनको समर्थनमा छन् । यसका लागि हामी हृदयदेखि नै धन्यवाद दिन चाहन्छौं । आगामी दिनमा पनि किसानका लागि यसरी नै सद्भाव र सहयोग रहोस् भन्ने आशा पनि राखेका छौं ।

# महिलामाथि अहिले पनि प्रत्यक्ष शोषण र उत्पीडन छ



## रेखा यादव
### जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य तथा लेखक

**० तपाईंद्वारा लिखित 'आत्मजा' उपन्यासको अर्थ के हो ?**

– हाम्रो समाजमा छोरीमाथि जसरी हिंसा भइरहेको छ, त्यसका विभिन्न रुपहरु पनि छन् । आत्माभित्रको आत्मा जसले आफूलाई माया गर्ने र सँगसँगै कसरी समाजलाई माया गर्ने भन्ने कुरो मैले यो 'आत्मजा' उपन्यसामा राखेको छु ।

**० यसबाट के सन्देश दिन खोज्नुभएको छ ?**

– जतिबेला मान्छे जन्मिन्छ, त्यतिबेलादेखि नै उसको संघर्ष सुरु हुन्छ । यो संघर्षमा आफूले कसरी सफलता हासिल गर्न सकिन्छ, त्यसबाट लड्न सिकाउँछ । यसको मूल सन्देश यही नै हो ।

**० हाम्रो समाजमा महिलामाथि हुने गरेका शोषण, उत्पीडन कम गर्न कतिको सहयोग पुऱ्याउँछ ?**

– यो मेरो पुस्तकप्रति पाठकको कस्तो दृष्टिकोण बन्छ, त्यो मलाई थाहा भएन । तर म पाठकको मनलाई बुझेको छु । किनभने म धेरै नै किताबहरु पढ्ने गर्छु । म अध्ययन गर्छु उपन्यास पनि धेरै पढ्छु र सत्य घटनाहरु पनि धेरै हेर्छु । तर त्यसमा सबै ठाउँको सबै कुरा समेटेको देख्दिँन । मैले आफ्नो उपन्यास 'आत्मजा'मा सबै समेट्ने कोशिस गरेको छु । मैले यसमा महिलाको संघर्ष र महिलाको मायालाई समेटेको छु । संघर्ष गर्दै जाँदा कतिपय ठाउँमा मायाबाट टाढा भएको हुन्छ । त्यो मायालाई पनि संगाल्ने काम गरेकोले पाठकले रुचाउँछन् र अनुशरण गर्छन् भन्ने अपेक्षा गरेको छु ।

**० महिलामाथि हुने गरेका के–कस्ता शोषण वा उत्पीडन तपाईंले प्रत्यक्ष हेर्नुभएको छ ?**

– हाम्रो देशमा आजको परिप्रेक्ष्यमा हेर्ने हो भने धेरै नै महिलामाथि शोषण र उत्पीडनहरु छन् । हामीले प्रत्यक्ष हेर्ने भनेको केही प्रतिशत मात्रै हो । मैले महिलाको उत्पीडन र शोषणविरुद्ध बोल्नुपर्छ, आवाज उठाउनुपर्छ भन्ने प्रेरणा आफ्नो बुवाबाट नै पाएँ । मेरो बुबा निरन्तर २५ वर्षसम्म प्रधानपञ्च हुनुभयो र म मधेशी समुदायबाटै आएको छु । मधेशमै जन्मे हुर्केकी हुँ । मधेशको गाउँ-गाउँमा मेरो बुवा समाज सेवा गर्ने व्यक्ति भएकोले उहाँसँगै म निकै नै घुम्ने गर्थे । त्यहाँको अवस्था हेर्दा एकदमै विडम्बनापूर्ण हेर्थे । म सानो हुँदा हेर्थे कि कहीं बोक्सीको नाममा महिलामाथि अन्याय भइरहेको छ । कतिपय बलात्कृत भएकी महिलाले बाहिर भन्न हुन्न भन्ने कुरा धेरै पटक हेरेको छु । त्यो प्रचलन आज पनि विद्यमान छन् । जहाँ-जहाँ मिडिया पुगेको छ, त्यहाँको बाहिर आउँछ, तर जहाँ पुगेको छैन अहिले पनि लुकाइन्छ । अहिले पनि मधेशमा घुम्टो प्रथा छ । जुन बेला घुम्टो प्रथा सुरु भएको होला त्यो बेला एउटा सम्मानजनक हिसाबले भएको होला । समाजका शोषकहरुले शासन गर्नका निम्ति त्यसलाई आफू अनुकूल निरन्तरता दिए । समाजका शासक भनेको घरका पुरुष नै हुन् । हुन त घरमै महिलाले नै महिलामाथि दमन गर्छन् । त्यहीं कुराहरुलाई हेरेर मैले समाजका लागि केही गर्नैपर्छ भनेर पनि म राजनीति पनि लागें । राजनीतिमा लाग्दा पनि आफ्नो योग्यता र क्षमताअनुसार सफलता नपाएको अनुभव गरें । किनभने राजनीतिक गर्ने ठाउँ वा दलहरुमा पनि महिलामाथि हिंसा हुने गरेका छन् । योग्य व्यक्तिलाई पछाडि छाडिदिने, जो योग्य छैनन् त्यस्तालाई बोकी-बोकी हिंड्ने चलन पनि छ । यस्ता प्रवृत्तिको विपक्षमा म सधैं उभि रहें । मैले आफ्नो उपन्यास 'आत्मजा'मा घरपरिवारमा हुने शोषण, समाजबाट हुने शोषण र धर्मको नाममा हुने शोषणका बारे पनि आवाज उठाएको छु । सबै कुरालाई समेटेर मैले यो 'आत्मजा'लाई उपन्यासको रुपमा ल्याएको हुँ ।

**० तपाईं घुम्टो प्रथालाई कसरी हेर्नुहुन्छ ?**

– यसलाई हामीले कसरी हेरिरहेका छौं वा कसरी हाम्रो समाजमा यसले प्रभाव पारिरहेको छ, त्यसमा भर पर्छ । मैले सुने अनुसार घुम्टो प्रथा यसकारण राखियो कि पुरुषहरुको जुन कुनजर हुन्छ, त्यसबाट बचाउनका लागि राखिएको थियो । तर, त्यसलाई कुरितीतर्फ ल्याइदियो । अब त्यसलाई लाजसँग जोडिदियो । यदि घुम्टो राखिएन भने उसलाई लाज लाग्दैन भन्ने जुन दृष्टिकोण छ, त्यो गलत छ । त्यसैले अहिले यसलाई कुप्रथा नै भन्नुपर्छ ।

**० भनेपछि घुम्टो प्रथा हटाउनुपर्छ ?**

– निश्चितरुपमा घुम्टो प्रथालाई हटाउनै पर्छ । घुम्टो लगाएर हामी फौजमा जान सक्दैनौ नि । यदि हामी सेना वा प्रहरीमा गयौं भने त्यहाँ घुम्टो त राख्न पाइँदैन । तर त्यो घुम्टो उघार्नुको अर्थ हाम्रो समाजले जुन बेलज्जा भन्ने शब्द प्रयोग गर्छ, त्यो होइन । घुम्टो उठाउनै पर्छ ।

**० तपाईंले 'आत्मजा'मा जुन किसिमको महिला उत्पीडनका कुराहरु उल्लेख गर्नुभएको छ, तपाईंले कतिको उत्पीडन भोग्नुपऱ्यो त ?**

– म त छोरी नै हुँ मैले उत्पीडन वा शोषण भोगिन भनेर ढाँट्न मिल्दैन । म पनि छोरी भएर समाजमा थिचिएको हुँ । म राजनीतिमा पनि लागेको छु आफ्नो दलमै पनि थिचिएको हुँ । पढ्ने बेला, शिक्षा लिने बेलामा पनि छोरी भएकै कारण मैले भोगेका केही त्यस्ता घटनाहरु पनि छन् ।

**० तपाईंको उपन्यास 'आत्मजा' खासगरी कुन वर्गका लागि लक्षित छ ?**

– यो उपन्यास खासगरी १५ वर्षकी बालिकादेखि ८० वर्षकी वृद्धासम्मका लागि लक्षित गरेकी छु ।

**० तपाईंले खासगरी 'आत्मजा'मा तराई–मधेशका महिलाहरुका पीडाहरुबारे व्याख्या गर्नुभएको छ । तर लक्षित वर्गसम्म कसरी पुऱ्याउने त ?**

– पहिलो कुरा लक्षित वर्गसम्म पुऱ्याउनका लागि म घरदैलो पनि गर्छु । यसभन्दा पहिला पनि म घर-घर पुगेर घचघचाउने काम आफैले पनि गरेको छु । त्यसैगरी म यो उपन्यास 'आत्मजा' पनि पुऱ्याउँछु र सँगसँगै म आफै घर दैदो जान्छु ।

**० 'आत्मजा'मा तपाईंले 'लिभिङ्ग टुगेदर'को पनि कुरा उठाउनु भएको छ, किन ?**

– हाम्रो समाजले हेर्ने दृष्टिकोणमा फरक छ । कुनै महिला वा पुरुषले कसैसँग सम्बन्ध राख्न हुँदैन भन्ने छ । हामीले अहिले पनि समाजमा हेरेका छौं कि बिहेको नाममा धेरै शोषण भएका छन् । विवाहको नाममा जन्जीर जकडिएको पनि देखिन्छ । दुइटैको मन मिलेको छैन तर बाध्यतावश एकै ठाउँमा बस्नुपरेको छ । त्यसो हुँदा दुइटै असहज वातावरणमा बाँचिरहेका हुन्छन् । दुइटैलाई कहीं न कहींबाट माया त चाहियो नि । किनभने माया भनेको चाहेको व्यक्तिबाट पाइने हो, नचाहेको व्यक्तिबाट पाइँदैन । भनेपछि उसको लागि किन न बाटो खोल्ने ? त्यसकारण 'लिभिङ्ग टुगेदर' को बाटो खोल्नुपर्छ ।

**० हाम्रो जस्तो समाजमा 'लिभिङ्ग टुगेदर'लाई कसरी सहजरुपमा लिन सकिन्छ त ?**

– यो कुरा विस्तारै हुने कुरो हो । काठमाडौंमै पनि यस्ता रिलेसनहरु धेरै छन्, तर बाहिर देखिएको छैन । मधेशमा पनि यस्ता रिलेसनहरु थुप्रै छन्, तर उजागर मात्रै नभएको हो । किन उजागर भएन भने समाजले त्यसलाई मान्यता दिएको छैन । हाम्रै छिमेकीमा तीन वर्ष अगाडि नै यसलाई मान्यता दियो तर समाजले अझै पनि स्वीकार गर्न सकेको छैन । विस्तारै हुन्छ र यहाँ पनि हुन्छ ।

**० तपाईंले हिन्दी भाषाको 'तुम बिन' नामक कविता संग्रह पनि ल्याउनुभएको छ, यसको मूल भाव के हो ?**

– खासगरी यो कविता संग्रहमा मैले विवाहसम्बन्धी कुराहरु राखेको छु । सँगसँगै मैले यो कुरा पनि राखेको छु कि प्रेममा विफल भए तापनि मान्छे जीवनमा विफल हुँदैन । उसले नयाँ-नयाँ बाटोहरु खोलिरहनु पर्छ । केटीले केटालाई वा केटाले केटीलाई मात्रै धोका दिँदैनन् दुवै पक्षलाई भइरहेको हुन्छ । तर पनि एउटाले माया गर्छ भन्दैमा अर्को पक्षले माया गर्दैन भन्ने छैन । आँखा र मनलाई नियन्त्रण गर्न धेरै गाह्रो हुन्छ । पुरुषले महिलाई मन पराएको हुन्छ तर महिलाले पुरुषलाई मन नपाएको पनि हुनसक्छ । तर माया भन्ने कुरा हरेक चीजमा हुन्छ । हामीले माया गर्ने भनेको हरेक निर्जिवदेखि सजिव प्राणीसँग हुनसक्छ । हामीले संसारमा सबैलाई माया गर्नुपर्छ, कसैलाई उपेक्षा गर्नु हुँदैन भन्ने नै यसको मुख्य सन्देश हो ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# तस्वीरमा उखु किसानको आन्दोलन




























## मधेश अपडेट

### प्रदेश २ को वन विधेयक प्रमाणीकरण

जनकपुरधाम । प्रदेश २ सरकारले प्रदेशसभाबाट पारित गराएको 'वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' प्रदेश प्रमुख तिलक परियारले प्रमाणीकरण गरेका छन् । प्रदेश २ को प्रदेशसभाबाट पारित भई आएको यस विधेयकलाई प्रदेश प्रमुख परियारले प्रमाणिकरण गरेका हुन् । प्रदेश प्रमुख परियारले नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम विधेयक प्रमाणिकरण गरेका छन् । उनको कार्यकालमा प्रमाणिकरण गरिएको यो १४ औं विधेयक हो भनें प्रदेशप्रमुखको कार्यालयबाट प्रमाणिकरण गरिएका विधेयकको संख्या हालसम्म ३६ पुगेको प्रदेश प्रमुखको सचिवालयले जनाएको छ । प्रदेश २ का उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री रामनरेश रायले प्रदेशसभाको २०७७ असोज २७ गते बसेको चौथो अधिवेशनको ३४ औं बैठकमा प्रदेश २ को वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरियोस भन्ने प्रस्ताव पेश गरेका थिए । प्रदेश सरकारले पारित गराएको विधेयक प्रदेश प्रमुखबाट प्रमाणिकरण भएपछि ऐनमा परिणत भएको हो ।

### बाँकेमा घरमै गएर व्यक्तिगत घटना दर्ता

नेपालगञ्ज । बाँकेको डुडुवा गाउँपालिकाले घरमै पुगेर व्यक्तिगत घटना दर्ता गर्ने अभियान सुरु गरेको छ । व्यक्तिगत घटनालाई समयमै दर्ता गराउने बानी बसाउन गाउँपालिकाले यस्तो अभियान थालेको अध्यक्ष नरेन्द्र चौधरीले जानकारी दिए । गाउँपालिकामा दश हजार घरधुरी छन् । घटना दर्ताअन्तर्गत जन्म, मृत्यु, विवाह र बसाई सराइ पर्छन् । यी सबैको घरमै गएर तथ्यांक संकलन गर्ने र गाउँपालिकामा आएर प्रमाणपत्र तयार गरेर घरमै गएर दिइने वडासचिव शिवकुमार मौर्यले बताए । नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागअन्तर्गत डुडुवा गाउँपालिकाद्वारा सुरु गरिएको व्यक्तिगत घटना दर्ता शिविरको वडा नम्बर २ बाट सुरु गरिएको छ । व्यक्तिगत घटनाको विवरण संकलनका लागि गाउँपालिकाबाट वडा सचिवसहितको करिब ४२ जना जनशक्ति परिचालन गरिएको पालिकाका एमआइ अपरेटर कौशलकुमार कैरातीले जानकारी दिए । अध्यक्ष चौधरीले यो अभियानसँगै केही दिनभित्रै जग्गाको मालपोत कर पनि घरदैलो अभियानमार्फत संकलन गर्ने तयारी भइरहेको जानकारी दिए ।

### मौलापुर नगरपालिकाले गर्यो २५ शिक्षक भर्ना

रौतहट । शिक्षक अभावले विद्यालय संचालन गर्न समस्या भएपछि मौलापुर नगरपालिकाले आफ्नै श्रोतबाट तलबभता दिने गरी विभिन्न तहका २५ जना शिक्षकको भर्ना गरेको छ । केन्द्रले दरबन्दी र आवश्यकता अनुसार शिक्षक नपठाउदा मौलापुरका अधिकांश विद्यालय उपलब्ध थोरै जनशक्तिबाट पठनपाठन गराइरहेको थियो । केन्द्रलाई बारम्बार अनुरोध गर्दा पनि शिक्षक नपठाएपछी नगरपालिकाले आफै आँट गरेको हो । आवश्यकता बमोजिम नगरपालिकाले अंग्रेजी र नेपाली दुबै माध्यमका प्राथमिक, निम्नमाध्यमिक तथा माध्यमिक तहका गरी कुल २५ जना शिक्षक नियुक्त गरेको छ । नगरपालिकाद्वारा बुधबार २५ जना नयाँ शिक्षकहरुलाई नियुक्ति प्रदान गरिएको हो । नवनियुक्त शिक्षकहरूलाई शुभकामना दिदै मौलापुर नगरपालिकाकी प्रमुख रीनाकुमारी साहले शिक्षकको अभावकै कारण पठनपाठनमा देखिएको समस्या समाधान हुने विश्वास व्यक्त गरिन् । उनले राष्ट्रिय साक्षरता अभियानलाई सघाउन र नगरभरीका विद्यार्थीलाई शिक्षाको सहज पहुँच पुर्याउँन नगरको आफ्नै श्रोतबाट शिक्षक भर्ना गरेको बताइन् ।

### पर्साका सबै सरकारी कार्यालय खुल्यो

वीरगञ्ज । पर्साका सबै सरकारी कार्यालय पुस १ गतेदेखि पूर्ण रुपमा सञ्चालनमा आएका छन् । कोभिड-१९ महामारीका कारण पर्साका कतिपय सरकारी कार्यालयहरुले आंशिक सेवा दिँदै आएकोमा पूर्ण सेवा दिन थालिएको हो । जिल्ला प्रशासन कार्यालय, घरेलु तथा साना उद्योगको कार्यालय लगायतका कार्यालयहरुले पालिका अनुसार दिन तोकेर सेवा प्रवाह गर्दै आएका थिए । मंसिर १८ गते बसेको कार्यालय प्रमुखहरुको बैठकले सरकारी कार्यालयहरुले स्वास्थ्य तथा सुरक्षा सम्बन्धी सम्पूर्ण मापदण्ड पूरा गर्दै पुस १ गतेदेखि पूर्ण रुपमा सञ्चालन गर्ने निर्णय गरेको थियो । सोही निर्णय अनुसार जिल्ला प्रशासन कार्यालय पर्साले समेत पुस १ गतेदेखि पूर्णरुपमा सेवा प्रदान भइरहेको छ । सहायक प्रमुख जिल्ला अधिकारी भिमकान्त पौडेलले आइतबार एक सूचना जारी गर्दै जिल्ला प्रशासन कार्यालयले समेत पुस १ गतेदेखि पूर्ण रुपमा सेवा प्रदान गर्ने जानकारी दिएका थिए । प्रशासनले समेत स्थानीय निकाय अनुसार सेवा प्रवाह गर्दै आएको थियो ।

### नेपाल-भारत सीमा खुलाउन मलंगवा बन्द

मलंगवा । हुलाकी सडकको स्तरोन्नति र नेपाल-भारत सीमानाका खुलाउनु पर्ने माग राख्दै मलंगवा बन्द गराइएको छ । यी दुई मागसहित मंसिर २१ गतेदेखि सर्लाहीमा धर्ना जारी छ । माग पूरा गराउनका लागि सर्वदलीय संघर्ष समिति बनाइएको छ । पूर्वघोषित आन्दोलनको कार्यक्रमअनुसार मंगलबार मलंगवा बजार बन्द गराइएको संघर्ष समितिका संयोजकसमेत रहेका जिल्ला समन्वय समितिका संयोजक मेथुर चौधरीले बताए । उनले बुधबार जिल्ला बन्दको समेत घोषण गरिएको जानकारी दिए । बन्दका कारण पसल खुलेका छैनन् भने सार्वजनिक यातायातका साधन पनि चल्न सकेका छैनन् । धुलाम्मे हुलाकी सडकको तत्काल स्तरोन्नति हुनपर्ने र मुख्य नाका बाहेक खेतै खेतको बाटो भएर निर्वाध रुपमा आउजाउ भइरहेकाले मुख्य नाका खोलिनुपर्ने मागसहित गत आइतबारबाट सर्लाहीमा आन्दोलन जारी छ । नागरिकको दबाबपछि गत सोमबारबाट नेपालतर्फका नाका बिरामी बोक्ने एम्बुलेन्स, शववाहन र बेहुला बोक्ने गाडीका लागि खोलिए पनि भारतीय पक्षका एसएसबीको अवरोधले सुरु हुन सकेको छैन । मुख्य नाका नखुल्दा अत्यावश्यक कामले वारिपारि गर्नेलाई समस्या भएको छ ।

### जोगबनी नाका खुला गर्न दबाव

मोरङ । कोरोना महामारीसंगै भारतसंग बन्द अवस्थामा रहेको अन्तराष्ट्रिय सीमा खोल्नका लागि विरोध सुरु भएको छ । कोरोना महामारीसंगै गतवर्ष चैत्रबाट बन्द गरिएको विराटनगर जोगबनी नाका खोल्नका लागि समूह बनाएर स्थानीय धर्नामा उत्रिएका छन् । स्थानीयले नेपाल भारतसीमा संवाद समूह बनाएर हाल विराटनगर जोगबनीको मुख्यद्धारमा घर्ना दिइरहेका छन् । अन्तराष्ट्रिय हवाईमार्ग खुल्ला भइसकेको अवस्थामा सर्वसाधारणलाई थलमार्ग बन्द गरिनुको औचित्य नभएको उनीहरुको भनाइ छ । मुख्य नाका बन्द भएपनि छोटीनाकातर्फको बन्द प्रभावहीन हुदै गएको उनीहरुले बताएका छन् । धर्नामा रहेका उमेश यादव सरकारले अझैपनि सीमा एकतर्फी रुप बन्द गर्नुको औचित्य नभएको बताउँछन् । कोरोना महामारी नियन्त्रणका लागि बन्द गरिएको भएपनि हाल सो बन्द मात्र औपचारिकता पुरा गर्नेतर्फ केन्द्रित भएको उनको भनाई छ । अहिलेपनि सयौंको संख्यामा सर्वसाधारणहरुले मुख्यनाकाको विकल्पमा अन्यत्रबाट भारत आउजाउ गरिरहेको उनीहरुको भनाइ छ । त्यसैगरी, नेपाल भारत सीमा संवाद समुहक कन्हैयालाल साहले मुख्य नाका बन्द गरेपनि अन्यत्रबाट तस्करी र सर्वसाधारणको प्रवेश भइरहेको बताए । मंसिर १९ गतेबाट सुरु गरिएको सीमा खुलाउन धर्ना कार्यक्रम दैनिक ३ देखि ४ बजेसम्म हुदै आएको छ । सुरुमा धर्ना कार्यक्रममा विराटनगरमा सीमित भएको भएपनि हाल अन्य सीमा नोचा, डाइनिया, सिक्टी लगायतमा पनि सुरु भएको समूहका मोरङ संयोजक साहको भनाई छ ।

### प्रचारका लागि साइकल यात्रा

कपिलवस्तु । मायादेवी सुत्केरी मार्ग पछ्याउँदै युनेस्कोका नेपाल प्रतिनिधि क्रिस्चियन म्यानहर्ट र परामर्शदाता थोमस स्क्रोमले गत शुक्रबार साइकल यात्रा पूरा गरेका छन् । उक्त मार्गका प्रचारका लागि उनीहरुले साइकल यात्रा गरेका हुन् । उनीहरु बुद्ध जन्मस्थल लुम्बिनीबाट पडरिया, मनौरी, सिवलवा, बिजुवा, सिसहनिया, दोहनी, निग्लिहवा हुँदै शाक्य वंशीय राजधानी तिलौराकोट पुगेका थिए । उनीहरुले गोरेटो, धुले, ग्राभेल र कालोपत्र बाटो हुँदै ४ घण्टामा करिब ३६ किमि साइकल यात्रा गरेका थिए । यात्राका लागि उनीहरुले काठमाडौंबाट साइकल झिकाएका थिए ।

### चिसो बढेपछि जनजीवन प्रभावित

नेपालगञ्ज । तराई मधेशमा सुरु भएको शीतलहर र बाक्लो हुस्सुले गर्दा जनजीवन प्रभावित हुन थालेको छ । पश्चिम तराईका बाँके र बर्दियामा चिसो अत्याधिक बढेको छ । चिसो बढेपछि यस क्षेत्रको जनजीवन प्रभावित बनेको छ । चिसोले गर्दा सडकमा सवारी साधन र सर्वसाधारणको आवागमन घट्दै गएको छ । दुवै जिल्लाका प्रमुख बजारमा समेत चहलपहल र व्यापार व्यवसाय घटेको व्यवसायीले बताएका छन् । बिहीबारबाट शीतलहर आई चिसो बढेपछि बजारमा सर्वसाधारणको आवागमन घटेको र व्यापार व्यवसायसमेत कम भएको नेपालगञ्ज उद्योग वाणिज्य सङ्घले जनाएको छ ।

16-35, Madheshvani, Pus-3, 2077.pmd 4 12/18/2020, 2:03 PM

# सरकारलाई उखु किसानको जवाफ

श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

मिति : २०७७।०९।०२

सिंहदरबार, काठमाडौं ।

**विषय : पत्रको जवाफ**

उद्योग मन्त्रालयबाट २०७७ मंसिर ३० गते च.नं. १६८ शाखा अधिकृत शितल सिंह उखेडाबाट हस्ताक्षरित पत्र प्राप्त भयो ।

उखु किसान संघर्ष समिति सर्लाही र नेपाल सरकारको उद्योग मन्त्रालयबीच २०७६ साल पुस १८ गते भएको पाँच बुँदे सहमतिअनुसार पहिलो बुँदा नेपाल सरकारले तोकेबमोजिमको मूल्य अनुसारको किसानहरुको सम्पूर्ण बाँकी बक्यौता २०७६ साल माघ ७ गते दिइने सहमति भएको थियो । तर सहमतिअनुसार तोकिएको म्याद निर्धारित मितिसम्म भुक्तानी गराइएन । १० महिनाभन्दा बढी समय बितिसक्दा पनि बाँकी बक्यौताको सम्पूर्ण भुक्तानी भएनन् । यस अवधिमा कयौं पटक उद्योगीहरु कहाँ र उद्योग मन्त्रालय र मन्त्रीज्यूको सचिवालयलाई टेलिफोनमार्फत् र किसानहरु सचिवालयमा पुगेर नै ताकेता गरे । तर आश्वासन बाहेक केही पाएनौं । जबसम्म भुक्तानीको विश्वसनीय पूर्ण सुनिश्चितता हुँदैन तबसम्म यो आन्दोलन जारी रहने जानकारी गराउन चाहन्छौं ।

भुक्तानीका लागि दुईटा बाटो (शर्त) सुझाएका छौं:

१. उद्योग मन्त्रालयले उद्योगीहरुबाट कुन मितिसम्म भुक्तानी गराउने, त्यो मिति अवधिसम्म हामी पीडित किसान साथीहरु सडकमै रही शान्तिपूर्ण ढंगले आन्दोलन गर्नेछौं ।

२. प्रधानमन्त्री राहत कोष वा अन्य कुनै राज्य कोष छ भने त्यस कोषबाट किसानहरुलाई बाँकी बक्यौता रकम भुक्तानी गरियोस् र त्यो सम्पूर्ण रकम उद्योगीहरुबाट सरकारले ब्याजसहित असुल उपर गरी भुक्तानी गरियोस् ।

उपरोक्त दुईटा शर्तमध्ये सरकार कुनै एउटा बाटो रोज्ने वातावरण बनाई ठोस आधारका साथ वार्ता गर्न आउँदैन भने वार्ता हुने अर्थ रहने छैन । किसानहरु वार्ताको विरोधी होइनन्, परिणाममुखी वार्ता गर्न चाहेका छन् ।

.........................

रामस्वार्थ राय

अध्यक्ष

उखु किसान संघर्ष समिति सर्लाही

# चार सुगर मिल सञ्चालकविरुद्ध पक्राउ पुर्जी जारी

काठमाडौं । उखु किसानको बक्यौता रकम भुक्तानी नदिने चार सुगर मिलका सञ्चालकविरुद्ध पक्राउ पुर्जी जारी भएको छ ।

अन्नपूर्ण सुगर एण्ड जनरल इन्डस्ट्रिज प्रालि सर्लाही र इन्दिरा सुगर मिल एण्ड एग्रो प्रालि नवलपरासीका सञ्चालक राकेश अग्रवाल, रौतहटस्थित श्रीराम सुगर मिलका सञ्चालकद्वय हितेश गोल्छा र विशाल अग्रवाल तथा पश्चिम नगवलपरासीस्थित लुम्बिनी सुगर मिलका सञ्चालक श्रेया अग्रवालविरुद्ध पक्राउ पुर्जी जारी भएको हो ।

उनीहरु विरुद्ध ठगीमा मुद्दा चलाउन पुर्जी जारी गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । जिल्ला प्रहरी कार्यालय सर्लाही, रौतहट र पश्चिम नवलपरासीले आरोपितको खोजी गर्न महानगरीय अपराध महाशाखालाई पनि पत्राचार गरेको छ ।

गृहमन्त्री रामबहादुर थापा, उद्योग वाणिज्य तथा आपूर्तीमन्त्री लेखराज भट्ट, कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भुसाल र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री हृदयेश त्रिपाठी, प्रहरी अतिरिक्त महानिरीक्षक निरजबहादुर शाही तथा सम्वन्धित मन्त्रालयका सचिव सम्मिलित बैठकले किसानलाई बक्यौता बापतको रकम भुक्तानी नदिने सुगर मिल सञ्चालकविरुद्ध ठगीमा कारबाही गर्न प्रहरी र सुगर मिल रहेका जिल्लास्थित प्रशासन कार्यालयहरुलाई निर्देशन दिएको थियो । बैठकको निर्देशनपछि गृहले उखु मिल रहेका जिल्ला प्रशासन र प्रहरी प्रधान कार्यालयलाई मुलुकी अपराध संहिता-२०७४ को ठगी सम्बन्धी कसुरमा पक्राउ गरी कारबाही चलाउन परिपत्र गरेको थियो । सोही परिपत्र पछि प्रहरीले चार सुगर मिलका सञ्चालकविरुद्ध पक्राउ पुर्जी जारी गरेको हो ।

सरकारले बक्यौता रकम दिलाउने आश्वसन दिए पनि अझै भुक्तानी नभएको भन्दै उखु किसानहरुले आन्दोलनलाई निरन्तरता दिएका छन् । २०७६ पुस १८ गते उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालयले उखु किसानसँग लिखित सम्झौता गरी सोही वर्षको माघ ७ गतेभित्र सम्पूर्ण बक्यौता दिलाउने प्रतिवद्धता जनाएको थियो ।

## श्रीराम सुगर मिलले आज किसानको खातामा रकम हाल्ने




रौतहट । रौतहटको गरुडास्थित श्रीराम सुगर मिलले किसानको खातामा शुक्रबारदेखि बक्यौता रकम जम्मा गर्ने भएको छ । प्रतिनिधिसभाको उद्योग वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा बोल्दै नेपाल चिनी उद्योग संघका अध्यक्ष शशिकान्त अग्रवालले रकम खातामा जम्मा गरिसकेको जानकारी गराएका हुन् । अग्रवालले श्रीराम सुगर मिलले १-२ दिनभित्र सबै बक्यौता तिरिसक्ने प्रतिबद्धता जनाए । कम्पनीले कुनै स्रोतबाट रकमको व्यवस्था गरिसकेको र चेक काट्न पनि थालेको उनले बताए । अग्रवालले किसानलाई रकम भुक्तान गर्न ढिलाइ हुनु किसानमाथि अत्याचार भएको पनि बताए । एउटाले गर्दा सबै चिनी उद्योगको बदनाम भएको पनि उनले बताए । किसानलाई भुक्तानी दिने उद्योगको खातामा जम्मा भएको रकम संघको मध्यस्थतामा मिलले शुक्रबारदेखि नै किसानको खातामा पठाउन थाल्ने अग्रवालले बताए । श्रीरामले ३५ करोड रूपैयाँ किसानलाई दिन बाँकी छ । समितिको बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालयका सचिव चन्द्रकुमार घिमिरेले १ वर्षमा ७५ करोड बक्यौता भुक्तानी भएको बताए । २०७६ पुस १८ सम्म १४ उद्योगको १४० करोड बक्यौता रहेकामा २०७७ मंसिर ९ सम्म ६५ करोड बाँकी रहेको उनले समितिलाई जानकारी गराए । उनले किसानलाई बक्यौता दिन बाँकी रहेको अन्नपूर्ण र इन्दिरा सुगर मिल्सलाई विद्युतको पैसा नदिन भनिएको पनि बताए ।

# चुरे संरक्षणका लागि संघर्षका कार्यक्रम घोषणा




जनकपुरधाम । चुरे तथा वनजंगल संरक्षणमा प्रदेश सरकारले चाँसो नदेखाएको भन्दै विभिन्न माग राख्दै संघर्षका कार्यक्रमको घोषणा गरिएको छ ।

तराइ-मधेशको संरक्षण गर्ने उद्देश्यले स्थापना गरिएको चुरे तथा वन जंगल संरक्षण अभियानले विभिन्न माग राख्दै संघर्षका कार्यक्रमहरु घोषणा गरेको छ । चुरे तथा वन जंगल संरक्षण अभियानले पाँच बुँदे माग राख्दै आन्दोलनको घोषणा गरेको छ ।

धनुषामा क्रसर संचालकले ओमप्रकाश भनिने दिलिप महतोलाई हत्या गरेकोले महतोलाई पर्यावरण शहिद घोषणा गर्नुपर्ने, प्रदेश २ का उद्योग मन्त्रालयले क्रसर उद्योगहरुको लाइसेन्स दिएकोमा त्यसको छानविन गरि मापदण्ड विपरित रहेका क्रसर उद्योग एवं मापदण्ड विपरित भईरहेको उत्खनन तत्काल बन्द गर्नुपर्ने, साविक बुटेन [redacted] २०६ हाल [redacted] ६७८, [redacted] र ६८९ को [redacted] मारुती [redacted] क अनुज राठी र मनोज गोयलको नाममा रहेको जग्गा वदर गरि पुनः वनको नाममा फिर्ता ल्याइनुपर्ने, रौतहट जिल्लाको विजयपुर नगरपालिकामा सागरनाथ वन विकास परियोजनाको २ सय हेक्टर र विपि पुष्पलाल सामुदायिक वन रौतहटको १ सय हेक्टर अतिक्रमित जग्गा पुनः वनको नाममा फिर्ता गनुपर्ने माग राख्दै आन्दोलनको घोषणा गरिएको अभियानका संयोजक सुनिल कुमार यादवले पत्रकार सम्मेलन मार्फत जानकारी दिए ।

चुरे तथा वन जंगल संरक्षण अभियानले विभिन्न मितिमा संर्घषका कार्यक्रमहरु घोषणा गरेको छ । जस अनुसार पुस ७ गते मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय अगाडी विरोध प्रदर्शन तथा धर्ना दिने, पुस ८ गते उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको विरोधमा मन्त्रालय अगाडी विरोध प्रदर्शन तथा धर्ना दिने, पुस १२ गते प्रदेशका आठै जिल्लाका जिल्ला प्रशासन कार्यालय अगाडी विरोध प्रदर्शन, धर्ना तथा ज्ञापनपत्र बुझाइने, पुस १७ गते सिरहा जिल्लाको चोहर्वामा र १८ गते रौतहटको गौरमा विरोध प्रदर्शन गर्ने कार्यक्रम तय गरिएको छ ।

## [redacted]का व्यक्तिलाई सहायक सामग्री

[redacted] भएका व्यक्तिहरुलाई सहायक सामग्री वितरण गरिएको [redacted]ा स्ट्रीट चाइल्स अफ नेपाल र जानकी महिला जागरण [redacted]हर समुदायमा संचालित ब्रैकिङ द बोण्ड परियोजनाअन्तर्गत [redacted] । भंगहा नगरपालिकाअन्तर्गत अतिविपन्न तथा अपाङ्गता [redacted] जीवनमा सहजता ल्याउन सामग्री वितरण गरिएको [redacted]हरिप्रसाद खनालले जानकारी दिए । नगरप्रमुख संजीवकुमार [redacted] चेयर, एक जनालाई ट्राई साइकल, दुई जनालाई बैशाखी, [redacted] जनालाई स्टैण्डिङ फ्रेम, एक जनालाई सिपी चेयर वितरण [redacted]र समुदायको शैक्षिक, आर्थिक, सांस्कृतिक उत्थानका लागि [redacted]धन्यवाद दिदै उनले नगरपालिकाबाट हुनसक्ने हरसम्भव [redacted] बताए ।युकेएआइडीको सहयोगमा सञ्चालित कार्यक्रम [redacted]र सिरहा जिल्लाका मुसहर समुदायमा जन्मदेखि शारीरिक [redacted]का लागि सहायक सिद्ध हुने सामग्री वितरण गरिएको [redacted]

## आयोजना प्रमुखविरुद्ध भ्रष्टाचार मुद्दा दायर

बारा । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नदी नियन्त्रण आयोजना परवानीपुरका आयोजना प्रमुख राजकुमार श्रीवास्तवविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । लालबकैया नदी नियन्त्रण आयोजनाको ठेक्कामा भ्रष्टाचार गरेको अभियोगमा मुद्दा दायर गरिएको छ । ग्याबिन तारमा प्रयोग गरिएको तारको गुणस्तर परीक्षण गरी प्रयोग गर्नुपर्नेमा परीक्षण नै नगरी बिल र कार्यसम्पादन प्रतिवेदन तयार गरी भुक्तानीका लागि सिफारिश गरेको पाइएको छ । निर्माण व्यवसायी थोढुङ्ग अजम्बर शिवराम जेभी नयाँ बानेश्वर काठमाडौंमा भएको गुणस्तरहीन कागजात तयार पारी ९६ लाख ६४ हजार २९६ रुपैयाँ बराबरको भ्रष्टाचार गरेको पाइएको छ । ग्याबिन तारलाई गुणस्तरयुक्त भनी बिलमा दस्तखत गरी भुक्तानी लिने निर्माण व्यवसायी थोदुङग, अजम्बर, शिवराम जेभीका निर्देशक डबाङ क्षोदेन शेर्पा, जेभीका सञ्चालक बैकुण्ठप्रसाद भण्डारी, अर्का संचालक शिवजी श्रेष्ठविरुद्ध पनि समान बिगो कायम गर्दै मुद्दा दर्ता गरिएको आयोगका प्रवक्ता तारानाथ अधिकारीले जानकारी दिए ।

## संक्षिप्त समाचार

### उखु किसानद्वारा हलो र जुवासहित प्रदर्शन



काठमाडौं । बक्यौता रकम भुक्तानीमो माग गर्दै चार दिनदेखि आन्दोलनरत उखु किसानले बिहीबार हलो र जुवासहित प्रदर्शन गरेका छन् । काठमाडौंको माइतीघरमा प्रदर्शन गरिरहेका किसानहरुले हलो र जुवासहित प्रदर्शन गरेका हुन् । किसानहरु धर्ना बसेको स्थान अगाडि छातीमा प्लेकार्ड झुण्ड्याए थिए । उनीहरुले हलो जोतिरहेको अर्थ दिने गरी हलो र जुवा प्रदर्शनमा राखिएको छ । यस्तै किसानहरुले उखुको ढाँकसहित प्रदर्शन पनि गरेका छन् । काठमाडौंको माइतीघरमा मंसिर २८ गतेदेखि उखु किसानहरु निरन्तर प्रदर्शनमा छन् ।

### सिराहा अस्पतालमा पीसीआर मेसिन जडान

सिरहा । जिल्ला अस्पताल सिराहामा कोरोना परीक्षण गर्ने पीसीआर मेसिन जडान गरिएको छ । प्रदेश सरकारको आर्थिक सहयोगमा जडान गरिएको मेसिनको प्रदेशका सामाजिक विकास मन्त्री नवलकिशोर साहले उद्घाटन गरे । त्यस अवसरमा बोल्दै उनले कोरोनाविरुद्व काम गर्न प्रदेश सरकारले संघीय सरकारको मुख नताकेको बताए ।

### एकीकरणका लागि जसपाको वार्ता समिति

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा)ले दलहरुसँग सम्वाद गर्न वार्ता समिति बनाएको छ । परिवर्तनको पक्षमा समान विचार र दृष्टिकोण भएका पार्टी र समूहसँग वार्ता गरी एकता एवं सामूहिक प्रवेश गराउन वार्ता समिति बनाइएको जसपाले जनाएको छ । वार्ता समितिमा कार्यकारिणी सदस्यहरु मेहराज राई, नवराज सुवेदी र केशव झा छन् । वार्ता समितिले पहिचान पक्षधर विभिन्न समूह र पार्टीसँग वार्ता गर्ने नेता झाले बताए ।

### रूपन्देहीमा मञ्च पुनर्गठन

रुपन्देही । नेपाल मधेशी निजामती कर्मचारी रुपन्देही जिल्ला कार्यसमिति गठन गरिएको छ । नयाँ जिल्ला कार्यसमितिमा अध्यक्ष जनार्दन लोध, उपाध्यक्ष सुरेश मिश्र, सचिव कौशल कुमार यादव, कोषाअध्यक्ष श्यामान्नद यादवसहित १७ सदस्यीय समिति गठन गरिएको छ । देशमा संघीयता लागू हुँदा पूर्व सदस्यहरु समायोजन भई बाहिर सरुवा भएकोले केही दिनदेखि निष्क्रिय अवस्था रहेको रुपन्देही मंचको जिल्ला कार्यसमिति पुनर्गठन गरिएको छ । लुम्बिनी प्रदेशका प्रदेशसभा सदस्य सन्तोष पाण्डेको प्रमुख आतिथ्यतामा मंच नवलपरासीको अध्यक्ष अमजद अन्सारी, समाजसेवी श्रावण कुमार यादव मंच केन्द्रीय उपाअध्यक्ष लालबाबु यादवको विशिष्ट आतिथ्यतामा पुनर्गठन गरिएको हो ।

### स्वास्थ्य परीक्षण गर्न अस्पतालसाग सम्झौता

राजविराज । राजविराजको छिन्नमस्ता अस्पताल र कामना बिकास सेवा बैंकबीच स्वास्थ्य परीक्षणसम्बन्धी सम्झौता भएको छ । दुई संस्थाका बीच अस्पतालमा चेक जाँच गराउन आउँदा कर्मचारी तथा ग्राहकहरूलाई विशेष छुटकासाथ स्वास्थ्य परीक्षण गराउन पाउने व्यवस्थाका लागि सम्झौता भएको हो । सम्झौता अनुसार स्वास्थ्य परीक्षण गर्न आउने कर्मचारी र ग्राहकवर्गले बैंकको प्रमाण-पत्र तथा एटिएम कार्ड, चेक बुक अथवा बैकले प्रमाणित गरेको कागजात अस्पतालमा पेश गर्नुपर्ने छ । बैंकको तर्फवाट कामना विकास सेवा बैंक शाखा कार्यालय राजविराजका क्षेत्रीय प्रमुख राकेश सिंह, प्रबन्धक सूर्यनारायण मुखिया, अधिकारी राकेश चौधरी उपस्थित थिए । छिन्नमस्ता अस्पतालका तर्फवाट प्रबन्धक राजेश झा, प्रशासक संतोष यादव, संयोजक दीपेन्द्र यादव, आईटी अधिकारी तिर्थ नारायण दास, लेखापाल सरिता भगत, प्रकाश तेतर लगाएतका व्यक्तिहरू उपस्थिति थियो ।

### नाका खुलाउन काकडभिट्टामा दैनिक प्रदर्शन

झापा । नेपालको पूर्वी नाका खोल्नुपर्ने माग राख्दै व्यवसायीहरुले दिनहुं प्रदर्शन गर्ने गरेका छन् । सोही क्रममा काँकडभिट्टाका व्यवसायीले गरेको आन्दोलनमा प्रहरीले हस्तक्षेप गरेको छ । काँकडभिट्टामा बसपार्कमा आयोजित शान्तिपूर्ण प्रर्दशनकै बिच प्रहरीले हस्तक्षेप गरेको हो । पूर्वी नाकालाई सहज बनाउनुपर्ने मागसहित चरणबद्ध आन्दोलनमा उत्रिएका मेचीनगरका होटेल तथा पर्यटनसहित अन्य व्यवसायीहरूले केहीबेर बसपार्कमा यातायात बन्द गरेर प्रदर्शन गरेका थिए । कोरोनाको संक्रमण देखाएर लामो समयदेखि सरकारले गरेको सीमाबन्दका कारण पर्यटकको आवागमन ठप्प भएको र जसका कारण नगरका हरेक व्यवसायीहरूले लाखौं आर्थिक व्ययभार व्यहोर्नु परेको भन्दै अब सुरक्षा सावधानी अपनाएर पर्यटकको आवागमन सहज बनाउन नाका खुला गर्नुपर्ने उनीहरूको माग रहेको छ ।

### ६५ केजी चाँदीका गहना बरामद

वीरगन्ज । पर्सामा प्रहरीले ६५ केजी चाँदीका गरगहना बरामद गरेको छ । प्रहरीले भन्सार छली ल्याएर लुकाइछिपाई राखेको करिब ६५ केजी चाँदीका गहना बरामद गरेको हो । वीरगन्ज महानगरपालिका-६ स्थित सुनिता कुमारी सरार्फको जय नरसिंह ज्वेलर्समा चाँदीका गहनाहरु लुकाइ राखेको भन्ने सूचना पाएपछि प्रहरीले छापा मारेको थियो । प्रहरीले ज्वेलर्सको पछाडिको कोठा र कोठाको फल्स वालभित्र लुकाई राखेको अवस्थामा गहनाहरू फेला पारेको हो ।

### मोटरसाइकलसहित दुईजना पक्राउ

वीरगञ्ज । बारा प्रहरीले चोरी गरिएका दुई थान मोटरसाइकलसहित दुईजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा निजगढ नगरपालिका ७ बस्ने २२ वर्षका मानबहादुर श्रेष्ठ र कृष्ण दर्लामी मगर रहेका छन् । पूर्व-पश्चिम राजमार्ग सडकखण्डको निजगढ नगरपालिका ९ शहिदचोकस्थित इलाका प्रहरी कार्यालय निजगढबाट खटिएको प्रहरी टोलीले सवारीसाधन चेकजाँच गर्ने क्रममा उनीहरुलाई पक्राउ गरेको हो । उनीहरुको साथबाट चोरी गरी ल्याइएको बा ९७ प ३१०९ र बा ६८ प ५५९५ नम्बरका दुई थान पल्सर मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिएको बाराका प्रहरी प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक गौतम मिश्रले जानकारी दिए । दुबै जनालाई चोरी मुद्दा अन्तर्गत जिल्ला अदालतबाट पाँच दिनको लिइ थप अनुसन्धान भइरहेको मिश्रले बताए ।

### १४ लाखको सामान बरामद

रुपन्देही । तिलोतमा नगरपालिका-१ शान्तिनगर चौपारीस्थित दिनानाथ खनालको घर भाडामा लिई बस्ने रहमद खानको कोठामा भन्सार छलि ल्याई राखेको करिब १४ लाख रुपैयाँ बराबरको कपडाहरु र काठ टल्काउन प्रयोग हुने कच्चा पदार्थ गएराति प्रहरीले बरामद गरेको छ । रहमद खानले भन्सार छली गरी सामान ल्याई लुकाई राखेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय बुटवलबाट खटिएको प्रहरीले उक्त सामानहरु बरामद गरी भन्सार कार्यालयमा बुझाएको छ । हाल फरार रहमदको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### आगलागीबाट विभिन्न धनमाल नष्ट

मोरङ । बेलबारी नगरपालिका-९ माझीगाँउ बस्ने नारायण आचार्यको कुखुरा फर्ममा बिहीबार दिउँसो बिजुलीको तार सर्ट भई आगलागी हुँदा करिब ६ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । आगलागीबाट फुसको छानो भएको कुखुराको फर्म, बोईलर कुखुराको चल्ला ८ सय वटा र लोकल कुखुराको चल्ला १ सय वटा जलेर उक्त रकम बराबरको धनमाल नष्ट भएको हो । स्थानीयबासीको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# जनता आवस निर्माण कार्यक्रमको अबौं रुपैयाँ लुट : सांसद साह



काठमाडौं । प्रदेश २ सरकारसँग प्रभु साहको प्रश्न, 'जनता आवासको अबौं रुपैयाँ कहाँ गयो ?'

रौतहट । नेपाल कम्युनिस्ट पार्टी ( नेकपा) का नेता एवं सांसद प्रभु साहले प्रदेश २ सरकारले जनता आवस निर्माण कार्यक्रमको अबौं रुपैयाँ लुटेको आरोप लगाएका छन् ।

रौतहटको गौरमा शुक्रबार आयोजित दलित अगुवा कर्याकर्ता भेलालाई सम्बोधन गर्दै नेता साहले दलित समुदायको घर निर्माणका लागि केन्द्रीय सरकारले बिगत तीन वर्षदेखि पठाइएको अबौं रुपैयाँ घरै निर्माण नगरी लुटेको आरोप लगाएक छन् ।

संघीय सरकारले विगत तीन वर्षदेखि पठाएको अबौं रकमले कति दलितको घर निर्माण भयो भन्दै उनले प्रदेश २ सरकारसँग जवाफ माग गरेका छन् ।

"घरवारविहीन दलित समुदायको घर निर्माणका लागि संघीय सरकारले अबौं रकम तीन बर्ष देखि पठाइएको छ" साहले भने, "तर प्रदेश सरकारको लापरबाहीले दलित समुदायको घर बन्न सकेको छैन ।"

नेकपा प्रदेश २ का अध्यक्ष समेत रहेका नेता साहले अहिले हजारौं दलित समुदायको सो योजना अनुसार घर बनाउन सकिने बताउँदै संघीय सरकारले पठाएको रकम कहा गयो भन्दै प्रश्न समेत उठाएका छन् ।

प्रदेश सरकार यहाँका जनताको शिक्षा, स्वास्थ्य, आवास, रोजगार जस्ता समस्या समाधान गर्न असमर्थ रहेको उनले बताए । सोही कारण अन्य प्रदेशको तुलनामा प्रदेश २ पछाडी परेको उनले बताए ।

नेता साहले प्रदेश २ को ८ वटै जिल्लामा दलित समुदायको घर निर्माणका लागि जनता आवास निर्माण कार्य प्रभावकारी रूपमा हुनुपर्ने बताए ।

"जनता आवास निर्माण कार्यक्रमले दलित समुदायलाई प्रत्येक्ष रूपमा सहयोग पुग्छ" साहले भने, "यो कार्यक्रम प्रदेश २ को ८ वटै जिल्लामा तुरुन्त नै शुरु हुनुपर्छ ।"

प्रदेश २ को ८ वटै जिल्लामा जनता आवास निर्माण कार्यक्रम तुरुन्त नै शुरु नगरिए प्रदेश सरकारको विरुद्धमा जनता नै सडकमा आउने चेतावनी उनले दिए ।

# सुदृढ बन्दै नेपाल-भारत सीमा क्षेत्र



इलाम । इलामको नेपाल-भारत सीमा क्षेत्रमा सशस्त्र प्रहरीको उपस्थिति बढेसँगै सीमा क्षेत्रको सुरक्षा व्यवस्था सुदृढ भएको छ । नेपाली प्रशासनको उपस्थिति नै नभएका क्षेत्रमा सरकारले सशस्त्र प्रहरीको स्थायी सीमासुरक्षा पोष्ट स्थापना गरेपछि सुरक्षा व्यवस्था सुदृढ भएको हो । एक वर्षअघि सूर्योदय नगरपालिका-२ स्थित पशुपतिनगरमा सशस्त्र प्रहरीको पहिलो सीमासुरक्षा पोष्ट स्थापना गरिएको थियो । पशुपतिनगरमा सीमाक्षेत्रको सुरक्षाका लागि छुट्टै सीमा सुरक्षा पोष्ट स्थापना भएपछि स्थानीयवासी खुशी देखिन्छन् । पर्यटनको प्रचुर सम्भावना भएको इलामको नेपाल-भारत सीमा क्षेत्रमा सुरक्षा व्यवस्था नहुँदा पर्यटन व्यवसायीले लगानी गर्न सकेका थिएनन् ।

खुला सीमा क्षेत्रमा नेपाली सुरक्षाकर्मी नहुँदा भारतीय सीमा सुरक्षा बल ( एसएसबी)को हप्कीदप्की सहनुपर्ने अवस्थाबाट नेपाली नागरिकले पार पाएको माईजोगमाई गाउँपालिकाका अध्यक्ष जीतबहादुर राईले बताए ।

नेपाल भारत सीमा क्षेत्रको साढे ५२ किलोमिटर क्षेत्रमा सात वटा सशस्त्र प्रहरीको सीमा सुरक्षा पोष्ट स्थापना गर्ने नेपाल सरकारको निर्णय रहेको छ । रोङ गाउँपालिकाको सकलकपुर, सूर्योदय नगरपालिकाको समाल्बुङ, छब्बिसे, पशुपतिनगर, सन्दकपुर गाउँपालिकाको कालपोखरी र माईजोगमाई गाउँपालिकाको जौबारी क्षेत्रमा सुरक्षा पोष्ट राखिएको सशस्त्र प्रहरी नम्बर १ हेडक्वाटर इलामका गणपति सुधिरजङ्ग थापाले बताए । सूर्योदय नगरपालिकाको मानेभञ्ज्याङमा पनि चाँडै अस्थायी पूर्वाधार निर्माण गरी पोष्ट राख्ने तयारी भएको थापाले बताए ।

स्थापना भएका सुरक्षा पोष्ट कतै भाडाका घरमा त कतै प्रयोगविहीन भएर बसेका सरकारी संरचनामा राखिएका छन् । चालू आर्थिक वर्षमा सलकपुर, जौबारी र समाल्बुङ सीमा सुरक्षा पोष्टको स्थानीय संरचना निर्माण गरिसक्ने योजनाका साथ ठेक्का सम्झौताको काम सम्पन्न भएको गणपछि थापाले जानकारी दिए ।

भारतीय सीमा सुरक्षा बलसँग समन्वय गर्ने सशस्त्र प्रहरीको टोली सीमा क्षेत्रमा राखिएपछि दुई देशमा समन्वय गर्न पनि सजिलो भएको सन्दकपुर गाउँपालिका अध्यक्ष उदयबहादुर राईले बताए । सन्दकपुर र माईजोगमाई क्षेत्रको जौवारी र कालपोखरीमा सुरक्षा पोष्ट स्थापना भए पनि प्रदेशको प्रमुख पर्यटकीय क्षेत्र सन्दकपुर कैयाकट्टा, मेघमा र गैरीबासमा पोष्ट स्थापनाको माग गरेको राईले जानकारी दिए ।

सीमा क्षेत्रका बस्ती नै सीमा रक्षा किल्ला भएकामा राष्ट्रले ढिलै भए पनि सीमा सुरक्षा पोष्ट स्थापना भएपछि नेपालको सुरक्षाको दायारा फराकिलो हुनुका साथै सीमा क्षेत्रबाट हुने अपराध नियन्त्रण हुने इलाम नगरपालिका प्रमुख महेश बस्नेतले बताए ।

जिल्ला समन्वय प्रमुख गणेश बरालले स्थापना भएका सीमा सुरक्षा पोष्टलाई थप व्यवस्थापनको काम अघि बढाउन माथिल्लो निकायसँग आग्रह गरिएको बताए । सीमा रक्षा, संवेदनशील क्षेत्रको संरक्षण, जैविक विविधता, चोरी निकासी र तस्करी नियन्त्रणको काममा सुरक्षा पोष्टका सुरक्षाकर्मी खटिने भएकाले थप व्यवस्थित बनाउन निर्माणको काम पनि थालिएको बरालले जानकारी दिए ।

सीमा क्षेत्रमा नेपाली प्रशासनको उपस्थिति नहुँदा प्रदेश सरकारका योजना कार्यान्वयनमा समस्या भएकाले सुरक्षा पोष्ट स्थापनाले भारतीय सीमा सुरक्षा बल एसएसबीले गर्ने अवरोध हट्नेछ ।

# उद्योगमन्त्री मिल मालिकको पक्षमा उभिनु लज्जाको विषय : सिंह

काठमाडौं । उखु किसानहरुको करोडौं रुपैयाँ चिनी मिलका मालिकहरुले बेइमानी गर्न खोज्दा त्यसविरुद्धमा उखु किसानहरुले गरिरहेको संघीय राजधानी केन्द्रित आन्दोलनमा लोक दलले समर्थन जनाएको छ ।

लोक दलका अध्यक्ष कौशलकुमार सिंहले सोमबार विज्ञप्ति जारी गरी पिछडावर्ग समुदायका उखु किसानहरुको बाँकी रकम तत्काल अबिलम्ब भुक्तानी दिलाउन लोक दल सरकारसँग माग गरेका छन् ।

'चिनी मिलले उखु किसानहरुको भुक्तानी दिन नमान्दा चिनी मिल संचालकहरुको अन्य सम्पतिबाट असुल उपर गरी उखु किसानहरुलाई तत्काल भुक्तानी दिलाउनुको विकल्प नरहेकाले यसतर्फ कदम चाल्न लोक दल सरकारसँग आग्रह समेत गर्दछ ।' विज्ञप्तिमा उल्लेख छ ।

गरिब उखु किसानहरुको पसिनाको कमाई अरबपति चिनी मिलका मालिकहरुले बेईमानी गर्दा पनि नेपाल सरकारका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्ट बेईमान चिनी मिल मालिकको पक्षमा उभिनु लज्जाको विषय रहेको अध्यक्ष सिंहले भनेका छन् ।

केही दिन अगाडी संसदीय समितिको बैठकमा उद्योग मन्त्री लेखराज भट्टले चिनी मिल मालिकको पक्षमा बोल्दै उद्योगीलाई कारवाही गर्न नसक्ने बताएका थिए । तसर्थ, उखु किसानहरुसँग उद्योग मन्त्रालयले भुक्तानी दिलाउनेबारे गरेको पटक-पटकको समझौता नक्कली रहेको प्रमाणित हुन्छ ।

उखु किसानहरुको भुक्तानी दिलाउन नसक्ने र बेईमान चिनी उद्योगीको पक्षमा वकालत गर्ने उद्योग मन्त्री भट्ट पनि उत्तिकै जिम्मेवार रहेकोले उद्योग मन्त्री भट्टलाई पनि कारवाहीको दायरमा ल्याउनुपर्ने ठहर लोक दलको रहेको छ ।

त्यस्तै, प्रदेश नं. २ अन्तर्गत रहेका कृषि, उद्योग, व्यापारलाई सहजीकरण गर्न नसक्दा प्रदेश सरकार पनि उत्तिकै दोषी रहेका छन् । प्रदेश सरकारले उखु किसानको भुक्तानीको विषयमा केही गर्न नसक्नु भनेको प्रदेश नं. २ का सरकारले दहीच्यूरे व्यवहार प्रदर्शन गरेको आरोप लोक दलले लगाएको छ । प्रदेश २ का अधिकांश उखु किसान आन्दोलनमा रहँदा पनि प्रदेश २ का सरकार आफ्नो जिम्मेवारी बोध नगर्दा सबै केन्द्र सरकारकै टाउकोमा थुपारेर प्रदेश सरकार उम्किन खोजिरहेका छन् । अत: चिनी मिलका मालिकहरुले उखु किसानको भुक्तानी समयमा नदिँदा उखु किसानहरु घरवार विहिन बनेका छन् भने ऋणमा समेत डुबेकाले क्षतिपूर्तिसहित अबिलम्ब भुक्तानी दिलाई सरकारले उखु किसानहरुलाई स-सम्मान घर पठाउन र उखु किसानहरुसँग ठगी गरेका चिनी मिलका संचालकहरुलाई ठगी मुद्दामा कारवाही गर्न लोक दलले सरकारसँग माग गरेको छ ।


**नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरु :**

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**

**नगरप्रमुख**

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

**प्रदेश सरकार**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**प्रदेश नं. २, धनुषा, नेपाल**

सम्पर्क नं. : ०४१५२२३५०

इमेल : malcprovince2@gmail.com



**नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरु :**

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**

**नगरप्रमुख**

**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# भारतमा बन्दैछ नयाँ संसद् भवन

नयाँ दिल्ली । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँ संसद् भवनको शिलान्यास गरेका छन् उनले विशेष होम र पूजापछि मोदीले भवनको शिलान्यास गरेका छन् । शिलान्यास कार्यक्रममा टाटा ट्रस्टका अध्यक्ष रतन टाटा, युनियनमन्त्री एचएस पुरी, गृहमन्त्री अमित साह, राज्यसभाका कार्यकारी प्रमुख हरिवंश तथा अन्य सरकारी अधिकारी उपस्थित थिए ।

नयाँ संसद् भवन हाल रहेको संसद् भवननजिकै बन्नेछ । नयाँ भवन त्रिकोण आकारको डिजाइनमा बन्नेछ । पुरानो भवन भने वृत्ताकार छ । सरकारी अधिकारीहरूका अनुसार नयाँ भवन बनेपछि सबै कामकाज सहज हुनेछ । अहिले भएको भवन भारतमा ब्रिटिस सामाज्य रहेकै वेला बनेको हो । यो करिब सय वर्ष पुरानो भइसकेको छ । त्यसवेला भवन बनाउँदा सोहीअनुसारको सुविधामा निर्माण गरिएको थियो । पुरानो भवनको डिजाइन तत्काल ब्रिटिस सकारका एडविन लुटयेन्स तथा हवर्ट बकेरले गरेका थिए । पुरानो भवन सन् १९२१ मा बनेको थियो । यो पाँच सय ६६ वर्ग मिटरको छ । त्यसवेला यसको निर्माण खर्च ८३ लाख भारु परेको थियो ।

लोकसभा सचिवालयअनुसार सन् २०२२ अक्टोबरसम्म नयाँ संसद् भवन निर्माण पूरा हुनेछ । १० डिसेम्बर २०२० बाट सुरु भएको नयाँ भवनको निर्माण अवधि साढे दुई वर्ष राखिएको छ । नयाँ भवन बनाउन टाटाले सन् २०२० मा नै आठ सय ८१.९१ करोडमा ठेक्का प्राप्त गरेको थियो ।

# बेलायती प्रधानमन्त्री जोनसन भारत आउँदै

नयाँ दिल्ली । बेलायतका प्रधानमन्त्री बोरिस जोनसनले आगामी महिना भारतको भ्रमण गर्ने भएका छन् ।

प्रधानमन्त्रीका रूपमा उनको भारत भ्रमण पहिलो प्रमुख द्विपक्षीय भ्रमण रहेको उनको कार्यालयले मङ्गलबार जनाएको छ ।

भ्रमणका क्रममा उनले आगामी वर्ष बेलायतको आयोजनामा हुने अति विकशित राष्ट्रहरूको समूह (जी-७) सम्मेलनका भारतलाई अतिथि मुलुकका रूपमा सहभागिता जनाउन निमन्त्रणा दिने कार्यक्रम छ ।

भारतबाहेक उक्त सम्मेलनमा दक्षिण कोरिया र अष्ट्रेलियालाई पनि अतिथिका रूपमा निमन्त्रणा गरिनेछ । अन्तर्राष्ट्रिय अन्तर सरकारी आर्थिक सङ्गठन जी-७ मा सात प्रमुख विकसित देशहरू : क्यानडा, फ्रान्स, जर्मनी, इटली, जापान, ब्रिटेन र संयुक्त राज्य अमेरिका रहेका छन् । यो समूहमा रहेका मुलुक विश्वको सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) उन्नत अर्थतन्त्र हुन् ।

प्रधानमन्त्री जोनसनले आफ्नो भारत भ्रमणलाई द्विपक्षीय व्यापार सम्बन्ध र लगानीको सुदृढिकरण र रक्षा, सुरक्षा, स्वास्थ्य र जलवायु परिवर्तनलगायत विभिन्न क्षेत्रमा सहयोग पुऱ्याउनु रहने बताइएको छ ।

बेलायतले यूरोपेली संघ (ईयू) को एकल बजारलाई छोडेको दिन डिसेम्बर ३१ पछि पर्ने जनवरी २६ को वार्षिक गणतन्त्र दिवस समारोहमा पर्ने भनिएको यो भ्रमणलाई जोनसनले ब्रेक्जिटपछि भारतसँग गर्ने नयाँ व्यापार सम्झौताका बारेमा पनि छलफल गर्ने अनुमान गरिएको छ ।

बेलायतको आयोजनामा गत हप्तान्तमा सम्पन्न जलवायु सम्मेलनमा सहभागी हुने क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा जोनसनले भारत भ्रमण गर्न लागेका हुन् ।

# पाकिस्तानी प्रधानमन्त्रीको विरोधमा उत्रिए एघार दल

इस्लामावाद । पाकिस्तानका प्रधानमन्त्री इमरान खानले विपक्षीहरुले लाहोरमा निकाल्ने भनेको जुलुस हालका लागि रोक्न आग्रह गरेका छन् । पाकिस्तानमा कोभिड १९ को असर अझै धेरै मात्रामा देखिएकोले देशमा ठूलो संख्यामा जुलुस निकाल्दा यसबाट कोभिडको संक्रममण बढ्ने भन्दै सो जुलुस ननिकाल्न आग्रह गरेका हुन् । पाकिस्तानमा वर्तमान सरकारका विरुद्धमा आन्दोलन गर्न विभिन्न ११ वटा विपक्षी दलहरु लागेका छन् । उनीहरुले यही डिसेम्बर १३ मा पाकिस्तानको लाहोरमा विशाल जुलुस निकाल्ने तयारी गरेका छन् । यसअअघि देखि नै सरकारले सो नारा जुलुस र सरकारका विरुद्धमा हुने भनिएको विरोध प्रदर्शनको कामलाई रोक्नका लागि पटक पटक आग्रह गर्दै आएको यहाँका सञ्चारमाध्यमहरुले बताएका छन् ।

तर पनि विपक्षीहरुले नमानेपछि पाकिस्तानी प्रधानमन्त्री खानले राजनीतिक दलहरुलाई सार्वजनिक रुपमा यो आग्रह गरेका हुन् । पाकिस्तानका अधिकारीहरुले यहाँको सरकारले हाल कोरोना भाइरसको दोस्रो वेभको कडा मात्रामा सामना गर्नु परिरहेको बताएका छन् ।

अर्का तर्फ यहाँका विपक्षी राजनीतिक दलहरुले भने गएका केही महिनादेखि नै सरकारका विरुद्धमा आन्दोलनलाई जारी नै राखेका छन् । यसैले यहाँको सरकारले हालैका दिनहरुमा एकातर्फ कोरोनाको महामारी र अर्कातर्फ विपक्षी दलहरुका विरोध प्रदर्शन गरी दोहोरो समस्याको सामना गर्नु परिरहेको यहाँका अधिकारीहले जानकारी गराएका बताइएको छ ।

# अष्ट्रेलियाले चीनको बिआरआई सम्झौताहरू खारेज गर्ने कानुन ल्याउँदै

काठमाडौं । अष्ट्रेलियाको संसदले प्रधानमन्त्री स्कट मोरिसनलाई अष्ट्रेलियामा चीनको बेल्ट र रोड पहललाई रोक्न सक्ने सम्पूर्ण अधिकार दिदै एक नयाँ कानुन पारित गरेको छ । यो कानुन अष्ट्रेलिया र चीनबीच बढ्दै गरेको तनावको बिचमा ल्याइएको हो ।संसदले पारित गरेको उक्त कानूनले विदेश मन्त्री र अष्ट्रेलियाका आठ राज्यहरूका अधिकारीबीच समन्वय गरी बिआरआईसम्बन्धी हस्ताक्षरित नयाँ र पुराना सम्झौताहरू रोक्न सक्ने अख्तियारी प्रदान गरेको हो ।

सो कानुन पारित भएपश्चात मोरिसनको सरकारलाई विश्वविद्यालयको अनुसन्धान साझेदारीसहित पूर्वाधार, व्यापार सहयोग, पर्यटन, सांस्कृतिक सहयोग, विज्ञान, स्वास्थ्य र शिक्षा जस्ता विस्तृत क्षेत्रहरूमा वैदेशिक सहभागितालाई रोक्न वा घटाउन अब सक्षम हुनेछ । यसको पहिलो असर भिक्टोरिया राज्य सरकारले २०१८ मा बिआराआई अन्तरगत पुर्वाधार निर्माणका लागि चीनसँग हस्ताक्षर गरिएको सम्झौता हुने अनुमान लगाइएको छ । भिक्टोरियाले हस्ताक्षर गरेको बीआरआई सम्झौताको खारेजीपछि नयाँ पूर्वाधार परियोजनाहरूमा चिनियाँको सहभागिता बढाउने उद्देश्यले संघीय सरकारले बेइजिङ र पश्चिमी अष्ट्रेलिया, दक्षिण अष्ट्रेलिया र तस्मानियाको सरकारबीचका लगानी, विज्ञान सहयोग र अन्टार्कटिकमा पहुँच जस्ता क्षेत्रहरूमा भएका समझौताको समीक्षा र खारेज गर्न सक्नेछ ।

# पाकिस्तानमा सामाजिक सञ्जालमाथि सरकारको कडा कदम

काठमाडौं । पाकिस्तानको सूचना तथा प्रविधि मन्त्रालयले गत नोबेम्बरमा एक कानुन अघि सारेको छ । उक्त काननुलाई देशका ठूला इन्टरनेट सेवा प्रदायक, इन्टरनेट अधिकारकर्मीहरुलगायतले अस्विकार गरेका छन । मन्त्रालयले, 'अवैध अनलाइन सामग्री हटाउने र ब्लक गर्ने (प्रोसिजर ओभरसाइट एण्ड सेफगार्ड) नियम २०२०' लागु गरेको हो । इलेक्ट्रोनिक अपराध कानुन २०१६ अन्तर्गत रहेर यो नयाँ नियम जारी गरिएको हो । यो कानुन सबै इन्टरनेट सेवा प्रदायक, सामाजिक सञ्जाल कम्पनीका हकमा लागु हुनेछ । यद्यपि सबैजसो सामाजिक सञ्जालका प्लेटमर्फहरुले यो नियमलाई अस्विकार गरेका छन् । उनीहरुले कडा पारिएको कानुन एवं नियममाथि चिन्ता प्रकट गरेका छन्। इन्टरनेट सर्भीस प्रोभाइडर अफ पाकिस्तान (आईएसपीएके)ले यो नियम अस्विकार गर्दै अदादलतमा जाने बताएको छ । आईएसपीएकेका संयोजक वाहज सिराजले भनेका छन्, पाकिस्तान इलेक्ट्रोनिक अपराध कानुनका अपधाराहरु गलत छन्, हामी यसविरुद्ध रणनीतिहरु बनाउँछौं ।

# तालिबान अझैं 'पाकिस्तानबाट संचालित' रहेको खुलासा

काठमाडौं । अफगानिस्तानका रक्षामन्त्री असदुल्लाह खालिदले तालिबान अझैं पाकिस्तानलाई आधार बनाएर सक्रिय रहेको बताएका छन । संसदमा बोल्दै उनले पाकिस्तानको क्वेट्टा र मिरान्साहबाट तालिबान सञ्चालित रहेको बताएका हुन् । पाकिस्तानका यी दुई क्षेत्रबाट सञ्चालित तालिबानले आतंकारी गतिविधिका लागि अफगानिस्तान पठाउने गरेको उनको दाबी छ ।

प्रतिनिधीसभामा बोल्दै खालिदले तालिबानहरुको अड्डा पाकिस्तानमा रहेको र त्यहाँ उनीहरुलाई तालिम दिएर अफगानिस्तान पठाइने गरेको बताएका हुन् । तालिबानको पाकिस्तानी अड्डामा घाइतेहरुको उपचार भइरहेको एवं त्यहाँ बसोबास रहेको उनको भनाइ छ । अहिले तालिबानका ९६ प्रतिशत गतिविधिहरु बिरुद्ध अफगान सुरक्षा बलले कार्वाही गरेको रक्षामन्त्री खालिदले बताएका छन् । त्यस्तै बाँकी ४ प्रतिशत अन्तराष्ट्रिय संगठनहरुको सहयोगमा हवाई आक्रमण भएको बताएका छन् ।

लैंगिक हिंसाको अन्त्य,
समृद्ध नेपालको गन्तव्य



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# भारत, श्रीलंका र माल्दिभ्सको समुद्री संवाद

काठमाडौं । भारतीय राष्ट्रिय सुरक्षा सल्लाहकार अजीत डोभालले दुईदिने भ्रमणका लागि श्रीलंका पुगेका थिए । त्यस्तै माल्दिभीयन रक्षामन्त्री मारिया दिदी पनि श्रीलंका पुगेकी छन् । भारत र श्रीलंकाबीचको सम्बन्धलाई अझैं मजबुत बनाउने उद्देश्यले गोटाबाया राजपक्षे राष्ट्रपति भएको ठ्याक्कै १ वर्षपछि डोभाल श्रीलंका पुगेका हुन् । सुरक्षा सल्लाहकार डोभालको भ्रमणको मुख्य एजेण्डा भारत, श्रीलंका र माल्दिभ्सबीचको सामुन्द्रीक वार्ता रहेको छ । करिब ६ वर्षपछि यो वार्तालाई पुनर्जागृत गदिएको बताइएको छ । श्रीलंकाका रक्षा सचिव मेजर जनरल कमल गुणरत्नेको औपचारिक निमन्त्रणमा भारतीय सुरक्षा सल्लाहकार त्यहाँ गएका हुन् । त्रिपक्षीय वार्ताका लागि माल्दिभ्सकी रक्षामन्त्री मारिया दिदी पनि श्रीलंका पुगेकी छन् । हिन्द महासागरका मुख्य देशका रुपमा श्रीलंका र माल्दिभ्सले भारतसँग 'सामुन्द्रिक वार्ता' गर्न खोजेसँगै तीनवटै देशबीच चौथो पटक ६ वर्षपछि त्रिपक्षीय सामुन्द्रिक वार्ता हुन लागेको हो । यसअघि सन् २०१४ मा मात्रै यस किसिमको त्रिपक्षीय वार्ता भएको थियो । 'त्रिपक्षीय समुन्द्री सुरक्षा सहयोग' नाम दिइएको यो वार्ता सन् २०११ मा पहिलो पटक भएको थियो। दोस्रो वार्ता सन् २०१३ मा भएको थियो । पहिलो वार्ताको आयोजना माल्दिभ्स, दोस्रो श्रीलंका र तेस्रो भारतले आयोजना गरेको थियो । यस पटक बंगलादेशलाई समेत आमन्त्रित गरिएको बताइएपनि बंग्लादेशको सहभागिताकाबारेमा भने कुनै आधिकारीक कुरा बाहिरिएको छैन् ।

## जिल्ला समाचार

# प्रदेश लोकसेवा आयोगलाई मञ्चको ज्ञापन

जनकपुरधाम । नेपाल मधेशी निजामती कर्मचारी मञ्चले प्रदेश २ को लोक सेवा आयोगलाई ज्ञापन पत्र बुझाएको छ । आइतबार जनकपुरधामस्थित प्रदेश २ को लोकसेवा आयोगका अध्यक्ष सुरेन्द्र यादवलाई मञ्चका महासचिवसहितको टोलीले ज्ञापनपत्र बुझाएको हो । प्रदेश लोक सेवा आयोगको सूचना नं. १-२०७७-०७८ बमोजिम गत मंसिर २५ मा प्रकाशित ईन्जिनियरीङ्ग सेवा, ईन्जिनियर पदको विज्ञापन उपर मञ्चको गम्भिर ध्यानाकर्षण भएको छ । यस प्रदेशको प्रदेश निजामती सेवा ऐन आइनसकेको वर्तमान अवस्थामा विद्यमान निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५१ तथा समायोजन ऐन, २०७५ ले गरेको व्यवस्था विपरीत भएको उपरोक्त विज्ञापन आफैमा त्रुटीपुर्ण र हचुवामा आधारित रहेको मञ्चको ठहर छ । ज्ञापनपत्रमा भनिएको छ, 'निजामती सेवाका कुनै पनि सेवा, समूह र पदको विज्ञापन हुँदा कानुनतः परिभाषित खुल्ला तथा बढुवाको विज्ञापन सँगसँगै हुने गरेको देखिन्छ । तर प्रदेश सरकारको प्रथम भनिएको उपरोक्त विज्ञापनमा बढुवाको विज्ञापनलाई नदरअन्दाज गरी मात्र खुल्लाको विज्ञापन भएको देखिन्छ ।' संघीयता कार्यान्वयन पश्चात केन्द्रीय लोकसेवा आयोगले स्थानीय तहका लागि केही वर्ष अगाडी मात्र गरेको विज्ञापनमा अधिकृत छैठौं तहलाई अधिकृतको ईन्ट्रीप्वाईन्ट मानी विज्ञापन गरेकोमा यस प्रदेशको लोकसेवा आयोगले सातौ तहलाई अधिकृत ईन्ट्रीप्वाईन्ट रुपमा विज्ञापन गर्नुको आधार के हो भनी मञ्चले प्रश्न उठाएको छ ? अतः प्रदेश सरकारले हालै गरेको उपरोक्त अनुसारको विज्ञापनमा बढुवा समेतको पद खुलाई कार्यतालिका बनाई सच्याएर पुनः विज्ञापन गर्न मञ्चले माग गरेको छ ।

# एकीकृत सरकारी भवन उद्घाटन

रौतहट । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता तथा पूर्वमन्त्री प्रभु साहले मौलापुर स्थित एकीकृत सरकारी भवनको उद्घाटन गरेका छन् । गत शुक्रबार एक औपचारिक कार्यक्रमका बीच रौतहट क्षेत्र नम्बर ३ का सांसद समेत रहेका पूर्वमन्त्री साहले नगरपालिका भवनको उद्घाटन गरेका हुन् । नेता साह आफै सहरी विकास मन्त्री रहेको बेला २०७४ सालमा शिलान्यास गरेको उक्त भवन आज तीन वर्ष पछि आफैले उद्घाटन गरेका हुन् । वीरगंज स्थित सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालयले ६ करोड ५० लाखको लागतमा उक्त भवन निर्माण गरेको हो । कार्यालय, आवास, सभाहल लगायतका विशेषता सहित बनेको उक्त भवनले नयाँ सहरको रुपमा उदय हुँदै गरेको मौलापुरमा एउटा विशाल पूर्वाधारको रुपमा तयार भएको हो । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वमन्त्री साहले शहरी पूर्वाधार निर्माण तथा विस्तारको अभियानले सार्थकता पाइरहेको जीकिर गरे । मौलापुर मात्र नभई सिंगो देशमै सहरी पूर्वाधारको रुपमा सडक, नाला, भवन लगायतका संरचना निर्माण भईरहेको उनले बताए । उक्त एकीकृत सरकारी भवनले मौलापुरमा देखिएको भवन पूर्वाधारको समस्या हल गर्न सघाउने साहले बताए । कार्यक्रममा प्रदेश सांसद कुन्दन कुश्वाहा, मौलापुर नगरपालिकाकी प्रमुख रीनाकुमारी साह, उपप्रमुख गौरीशंकर जयसवाललगायतको उपस्थिति रहेको थियो ।

# सामाजिक सुरक्षा भत्ता पाएन

कैलाली । टीकापुर नगरपालिकाभित्रका सामाजिक सुरक्षा पाउने लाभग्राहीले चालू आर्थिक वर्ष २०७७/७८ को पाँच महिना बित्न लाग्दा पनि सामाजिक सुरक्षा भत्ता पाउन सकेका छैनन् । सामाजिक सुरक्षा भत्ता समयमा नपाउँदा राजी समुदायले उधारो पनि पाउन छोडेको राजी अगुवा चित्रबहादुर राजीले बताए ।

# एकै साथ तीन सन्तानको जन्म

वीरगन्ज । वीरगंज महानगरपालिका लक्ष्मणवास्थित रहेका तराई अस्पतालमा एक महिलाले एक साथ ३ वटा सन्तानलाई जन्म दिएकी छन् । जिल्ला रौतहट बन्कुलटोलकी २२ वर्षीय अनिता देवीले एकै साथ २ छोरा र एक छोरी गरी ३ जना बच्चालाई जन्म दिएकी छन् । एक-एक मिनटको फरकमा ३ वटै बच्चाको जन्म भएको अस्पतालका चिकित्सक डा. तरन्नुम खातुनले जानकारी दिइन् । जन्म लिएका बच्चाहरुमध्ये २ जना बालक र एक जना बालिका रहेकालाई अस्पतालबाट विशेष सुविधा दिई तीनै जनालाई आईसियु कक्षमा राखिएको छ । बच्चाहरु जन्म लिँदा पहिलो बच्चाको वजन एक किलो ७ सय ग्राम, दोश्रो एक किलो ९८० ग्राम र तेश्रो बच्चा एक किलो ६ सय ग्राम रहेको अस्पताल का प्रशासन प्रमुख शिव शंकर पटेलले जानकारी दिएका छन् । ३ वटा बच्चा जन्म दिएकी आमा अनिता देवीका श्रीमान र उनका आफन्तहरु ३ वटै बच्चाहरु सकुशल भएको देखेर हर्षित भएका छन् । अस्पताल श्रोतका अनुसार जन्मिएका बच्चाहरुको शारिरीक अवस्था पूर्ण रुपमा स्वस्थ्य भएको चिकित्सक श्रोतले जनाएको छ ।

# 'सहकारीबाट प्रदेशको समृद्धि हुन्छ'

धनगढी । सुदूरपश्चिम प्रदेशका भूमि, व्यवस्था सहकारी तथा कृषिमन्त्री विनिता चौधरीले सहकारीमार्फत प्रदेशको समृद्धि सम्भव रहेको बताएका छन् । धनगढीस्थित दाइजो कृषि सहकरी संस्था लिमिटेडको वार्षिक साधारण सभामा उनले सहकारीको माध्यमबाट प्रदेशमा आर्थिक विकास गर्न सकिने उल्लेख गरे । सहकारीहरुले आफ्नो उद्देश्यअनुरुप काम गरेमा प्रदेशमा चाँडै आर्थिक विकास हुने भन्दै उनले कतिपय सहकारीले उद्देश्यअनुसार काम नगर्दा समस्या भएको उल्लेख गरे ।

# मिलापत्र गराउने ६ जना पक्राउ

मोरङ । २१ वर्षीया युवतीलाई जबरजस्ती करणी गरेको घटनामा पीडित पक्षलाई नगद ५ लाख रुपैयाँ दिई मिलापत्र गराउने कार्यमा संलग्न रहेको अभियोगमा ६ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा धनपालथान गाउँपालिका-५ बस्ने ६५ वर्षीय धनेशु खवास, ५३ वर्षीय सुधार सिंह खवास, ६२ वर्षीय मागन खवास, ६२ वर्षीय कलकनु खवास, रंगेली नगरपालिका-१ बस्ने ६७ वर्षीय जगत नारायण खवास र बेलबारी नगरपालिका-८ बस्ने ५३ वर्षीय मथालु खवास रहेका छन् । २०७७ भदौ २४ गते साँझ धनपालथान गाउँपालिका-५ स्थित धान खेतमा मल छर्ने क्रममा बेलबारी नगरपालिका-८ बस्ने ३२ वर्षीय सुरेश कुमार खवासले ती युवतीलाई एक्लै पारी जबरजस्ती करणी गरी फरार रहेका अभियुक्त सुरेशलाई ईलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरीले मङ्सिर १९ गते रंगेली नगरपालिका-७ रंगेली बजारबाट पक्राउ गरेको थियो । थप अनुसन्धान गर्ने क्रममा उक्त घटना गाउँघरमा पीडित पक्षलाई उक्त नगद दिई मिलापत्र गराएको खुल्न आएपश्चात उनीहरुलाई मिलापत्र कागजसहित आ-आफ्नै घरबाट पक्राउ गरेको हो । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

# कोरोनाबाट सुदूरपश्चिममा मृत्यु बढी

कैलाली । सुदूरपश्चिम प्रदेशमा कोरोना सङ्क्रमितको मृत्यु हुने क्रम बढेको छ । समुदायस्तरमा सङ्क्रमण बढेसँगै सङ्क्रमितको मृत्यु हुने क्रम पनि बढेको हो । पछिल्लो समय सुदूरपश्चिम प्रदेशमा दैनिकजसो सङ्क्रमित व्यक्तिको मृत्यु भइरहेको छ । प्रदेशको सामाजिक विकास मन्त्रालयको तथ्याङ्कअनुसार प्रदेशभरी हालसम्म कोरोना सङ्क्रमणका कारण ४४ जना व्यक्तिको ज्यान गएको छ ।

# कोरोना निको हुने बढ्दै

नेपालगञ्ज । बाँकेमा कोरोना संक्रमणबाट मुक्त हुनेको संख्या करिब चार हजार पुगेको छ । जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र बाँकेका फोकल पर्सन तेज ओलीका अनुसार पछिल्लो समयमा जिल्लामा निको हुनेको संख्या बढ्दै गएको छ ।

# विद्यालयमा स्थानीय पाठ्यक्रम

रुपन्देही ।रुपन्देहीको तिलोत्तमा नगरपालिकाले स्थानीय पाठ्यक्रम कार्यान्वयनमा ल्याएको छ । विद्यार्थीलाई नगरको समग्र अवस्था जानकारी गराउने गरी निर्माण गरिएको पाठ्यक्रम चालू शैक्षिक सत्रबाट कार्यान्वयनमा आएको हो । नगरपालिकाले स्थानीय पाठ्यक्रमबारे विषय शिक्षकहरुलाई प्रबोधीकरणसमेत गरिएको छ ।

# ३४ गोरुसहित ५ जना पक्राउ

कपिलवस्तु । सशस्त्र प्रहरीले कपिलवस्तुको शुद्धोधन गाउँपालिका-२, नन्दनगरबाट ३४ वटा गोरु नियन्त्रणमा लिएको छ । प्रहरीले भारतबाट डोऱ्याउँदै ल्याई बा. ५ ख १३४१ नम्बरको ट्रकमा लोड गरी सर्लाहीतर्फ लैजान लाग्दा ती गोरु नियन्त्रणमा लिएको हो ।

## कला/साहित्य

कमल मण्डल



# गायक संतोष सानुको संगीत स्कुल उदघाटन



काठमाडौं । शास्त्रीय संगीतमा झन्डै दुई दशकको अनुभव प्राप्त सप्तरीका गायक तथा संगीत गुरु सन्तोष सानुले मंसिर ३० गते मंगलबार काठमाण्डूमा माधवी संगीत पाठशाला सुभारम्भ गरेको छ । सयौंको संख्यामा राम्रा राम्रा शिष्य उत्पादन गरिसकेका सन्तोष काठमाडौंको गुरुकुल लगायतका विभिन्न स्कुलहरुमा संगीत गुरुको रुपमा अनुभव प्राप्त भएको भएपनि अरुको स्कुलमा सिकाउनु भन्दा आफ्नै स्थापना गरेर सिकाउने उद्देशयले नै सुरु गरेको कुरा बताउँछन् । काठमाडौंको मध्य बानेश्वरमा सुभारम्भ गरेको सकुलमा शास्त्रीय, आधुनिक लगायतका विधामा बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म खुल्ला रहने कुरा जानकारी दिएका छन् । मैथिली, भोजपुरी, थारु, नेपाली, हिन्दी लगायतका एल्बम तथा फिल्महरुमा समेत आफ्नो सुमधुर आवाज दिएका गायक संतोष विद्यार्थीको रोजाई अनुसार संगीत सिकाउने कुरा पनि जानकारी दिएका छन् ।

# ‘आत्मजा’ र ‘तुम बिन’ विमोचित



काठमाडौं । सायित्यकार रेखा यादवद्वारा लिखित नेपाली भाषाको ‘आत्मजा’ हिन्दी भाषाका ‘तुम बिन’ विमोचित भएका छन् । शनिबार संघीय राजधानी काठमाडौंस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजित एक समारोहमा जसपाका अध्यक्ष उपेन्द्र यादव तथा नेतृ हिसिला यमी लगायतका साहित्यिक व्यक्तिहरुद्वारा संयुक्तरुपमा विमोचन गरिएको छ ।
जनता समाजवादी पार्टी नेपालकी केन्द्रीय सदस्य समेत रहेकी यादवद्वारा लिखित दुई वटा फरक-फरक सन्दर्भमा एउटा उपन्यास र अर्को कविता संग्रह अति नै उपयोगी रहेको धारणा जसपा अध्यक्ष यादवले राखेका छन् ।
अध्यक्षले उपन्यासबारे आफ्नो धारणा राख्दै समाजमा भए गरेका घटना र परिवेशहरु समेटिएकोले वास्तवमै पठनीय रहेको उल्लेख गरेका छन् । ‘महिला र पुरुष देवैको हाम्रो समाजमा जन्मिदैदेखि मृत्युसम्मको दृष्किोण समेटिएको छ,’ अध्यक्षले बताए ।
‘हाम्रो समाजमा रहेका कुरिती तथा बेथितीहरु बदल्नका लागि साहित्यका तथा लेखकहरुको महत्वपूर्ण भूमिका हुन्छ’, उनले भने, ‘त्यो साहित्य अत्यन्त महत्वपूर्ण मानिन्छ, जसले तत्कालीन समाजको चित्रण गरेको हुन्छ ।’ वरिष्ठ साहित्यकार तथा युगपुरुष सत्यमोहन जोशीले पनि आत्मजा र तुम बिनको प्रशंसा गरेका छन् । कोभिडका कारण उनी विमोचन कार्यक्रममा उपस्थित हुन नसकेपछि आफ्नो बधाई सन्देश पठाएका थिए । उनले दुवै पुस्तकको मुक्तकुण्ठाले प्रशंसा गरेका छन् । साथै उनले यी दुवै पुस्तक अति नै महत्वपूर्ण र समाजमा परिवर्तन ल्याउने खालको रहेको आफ्नो सन्देशमा उल्लेख गरेका छन् । यसैगरी, जसपाकी नेतृ हिसिला यमी लगायतका साहित्यकार तथा विशिष्ट व्यक्तिहरुले दुवै पुस्तकको प्रशंसा गरेका छन् । नेपाली भाषाको आत्मजा उपन्यास र तुम बिनमा लेखिका यादवले केही आफ्नो अनुभव, केही सामाजिक परिवेश र भावनाका कुराहरु समेटेकी छन् । उनले आत्मजामा हाम्रो समाजमा लिभिङ्ग टुगेदरले मान्यता पाउनुपर्ने कुरामासमेत जोड दिएकी छन् ।

# भारत-नेपाल संयुक्त संचालक समितिको उर्जा सहकार्य विषयक बैठक सम्पन्न

काठमाडौं । भारत र नेपालका उर्जा सचिवहरुको अध्यक्षतामा उर्जा क्षेत्रमा सहकार्य विषयक भारत-नेपाल संयुक्त संचालक समितिको आठौं बैठक शुक्रबार भिडियो कन्फरेन्स मार्फत सम्पन्न भएको छ ।
उक्त बैठकमा भारत सरकारका उर्जा सचिव संजीव नन्दन सहायका साथमा नेपालका लागि भारतका राजदूत विनय मोहन क्वात्रा तथा विभिन्न मन्त्रालय तथा भारतीय राजदूतावास, एनएचपीसी लिमिटेड, एनटीपीसी लिमिटेड लगायतका भारत सरकार अन्तर्गतको सार्वजनिक निकायका अधिकारी सहितको १७ सदस्यीय टोलीको सहभागिता थियो ।
त्यस्तै विभिन्न मन्त्रालय एवम् विभागका अधिकारीहरु सम्मिलित नेपाली टोलीको नेतृत्व नेपालका उर्जा सचिव दिनेश कुमार घिमिरेले गरेका थिए ।
यस बैठकको तयारी स्वरुप हिजै सह-सचिव स्तरिय भारत-नेपाल संयुक्त कार्य समितिको बैठक सम्पन्न भएको थियो ।
भारत-नेपाल संयुक्त संचालक समिति दुई देशका सरकारबीच उर्जाको क्षेत्रमा भएका विभिन्न प्रयासलाई विस्तार एवम् समन्वय गर्ने सर्वोच्चद्विपक्षीय संयन्त्र हो । बैठकमा यस क्षेत्रमा भएका द्विपक्षीय पहल तथा प्रयासका प्रगतिबारे समीक्षा गरिएको छ ।
दुवै पक्षबीच अन्य विषय लगायत नेपाली उर्जा उत्पादकको भारतीय बजारमा पहुँच विस्तार गर्न तर्जुमा भएका उपयुक्त नियमावली तथा निर्देशिका, इनर्जी बैंकीङ्गको विकास, अन्तरदेशीय प्रसारण लाइनको विकासबारे छलफल हुनुका साथै एसजेभिएन लिमिटेडद्वारा प्रर्वद्धित ९०० मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत परियोजनाको प्रगतिको समीक्षा गरी उक्त परियोजनाको कार्यान्वयन द्रूत रुपमा अघि बढाउने सहमति भएको छ ।
यस क्षेत्रको विकासका लागि दुवै देशका सरकारले निकटमा रहेर समन्वय गरिरहेका छन् । फलस्वरुप गएको पाँच वर्षमा यस क्षेत्रमा उल्लेख्य प्रगति भएको छ ।
दक्षिण एसियाको पहिलो ४०० केभी क्षमताको अन्तरदेशीय मुजफ्फरपुर-ढल्केबर विद्युत प्रसारण लाइनको निर्माण सम्पन्न भएको छ भने ४०० केभी क्षमताको गोरखपुर-बुटवल प्रसारण लाइनको वित्तिय मोडालिटिबारे पनि सहमति भइसकेको छ र अब चाँडै यस परियोजनाको निर्माण सुरु हुनेछ । त्यस्तै ९०० मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत परियोजनाको निर्माण उल्लेख्य रुपमा अघि बढेको छ । दुई देशबीच विद्युतको अन्तरदेशीय व्यापारका लागि दुवै पक्षले नियमन मोडालिटिलाई छिट्टै अन्तिम रुप दिनेछन् ।
दुवै पक्षले दुई देशबीच उर्जाको क्षेत्रमा भएका सहकार्यलाई थप मजबुत बनाउने लगायत एकीकृत ग्रीडको विकास एवम् विस्तार, आवश्यकता अनुसार थप अन्तरदेशीय विद्युत प्रसारण लाइनको निर्माण, नेपालको जलविद्युत तथा सौर्य उर्जा परियोजनामा लगानी लगायतका प्रतिबद्धता दाहोर्याए ।
शुक्रबारको बैठकमा भएको विस्तृत एवम् सकारात्मक छलफलले भारत र नेपाल बीचको उर्जा सहकार्यलाई विस्तार गर्न थप सघाउ पुर्‍याउने अपेक्षा गरिएको छ ।

# नेपालमा अक्सफोर्ड भ्याक्सिन आउन सक्ने

काठमाडौं । विश्वको सबैभन्दा ठूलो भ्याक्सिन उत्पादन गर्ने भारतीय कम्पनि सेरम इन्स्टिच्युट अफ इन्डियाले कोरोना भाइरसविरुद्धको अक्सफोर्ड भ्याक्सिनको उत्पादनको अनुमति पाएको छ । अक्सफोर्ड भ्याक्सिन तेस्रो चरणको परीक्षणको अन्तिम चरणको भएको र भ्याक्सिन प्रमाणित भएलगत्तै उत्पादन शुरु हुनेछ । त्यसपछि सेरमले पनि भ्याक्सिन उत्पादनलाई गति दिने बुझिएको छ । सेरमले अबको तीन महिनाभित्र भ्याक्सिन प्रयोगमा ल्याउने गरी काम गरिरहेको छ । उसले भारतीय बजारसँगै नेपाल र बँगलादेशमा पनि भ्याक्सिन उपलब्ध गराउन सकिने जनाइसकेको छ । सेरमले उत्पादन गर्ने अक्सफोर्ड भ्याक्सिन प्रतिडोज अधिकतम ५ सय भारु पर्न जान्छ । दुई डज लगाउनुपर्ने भएकाले अधिकतम एक हजार भारुसम्म पर्छ । अक्सफोर्ड भ्याक्सिन २ देखि ८ डिग्रीसम्म भण्डारण गर्न सकिन्छ । अमेरिका र रुसको भ्याक्सिनभन्दा सस्तो र सहज भएकाले पनि यो भ्याक्सिनमा नेपालले समेत चासो बढाएको छ । त्यसमाथि छिमेकी मुलुक भारतसँग कुटनीतिक पहल गरेर भ्याक्सिन सहज तरिकाले ल्याउन सकिन्छ । भारतले नेपालसँग खुल्ला सीमा भएकाले पनि भ्याक्सिन छिटो उपलब्ध गराउन सहयोग गर्ने अवस्था रहन्छ । कोभिड १९ को रोकथामका लागि भारत र नेपाल दुवै मिलेर काम गर्नुपर्ने अनिवार्य अवस्था पनि छ ।

## उखु...

नवलपरासीकै इन्दिरा सुगर मिलले ८ करोड र बागमती खाँडसरी मिलले ४० लाख रुपैयाँ भुक्तानी गर्न बाँकी रहेको किसानहरूले बताएका छन् ।
यता उखु किसानहरुले पुरानो सम्झौता नै कार्यान्वयन नभएको भनेर आन्दोलन घोषणा गरेका बेला सरकारले भने उखुको न्यूनतम समर्थन मूल्य तोकेको खबर बाहिर आएको छ ।
गत हप्ता बसेको मन्त्रिपरिषद् बैठकले प्रतिक्विन्टल उखुको ५४४ रुपैयाँ ३३ पैसा मूल्य तोकेको छ । गत वर्ष यो मूल्य प्रतिक्विन्टल ५३४ रुपैयाँ ५६ पैसा रहेको थियो । सरकारले तोकेको नयाँ समर्थन मूल्यमा पनि किसानहरुले आपत्ति जनाएका छन् । संघर्ष समितिका सचिव राय पनि अहिलेको आन्दोलमा अब यो माग पनि जोडिने बताउँछन् ।

**सरकारलाई पत्र**

उखु किसानहरुले आफूहरुले पाउनुपर्ने सम्पूर्ण बक्यौता भुक्तानी नभएसम्म आन्दोलन जारी राख्ने व्यहोरासहितको पत्र सरकारलाई पठाएका छन् ।
समस्या समाधानका लागि छलफलमा सहभागी हुन आग्रह गर्दै गत मङ्सिर २९ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले पठाएको पत्रको जवाफ दिँदै उखु किसानले भुक्तानीको पूर्ण सुनिश्चितता नभएसम्म आन्दोलन जारी राख्ने जनाएका हुन् ।
चिनी उद्योगीबाट बाँकी बक्यौता भुक्तानी दिलाइदिने सरकारको यसअघिको प्रतिबद्धता पूरा नभएको उनीहरुको गुनासो छ । आन्दोलनरत किसानले भुक्तानीका लागि सरकारलाई दुई शर्त अगाडि सारेका छन् ।
यसअघिको उधारो सम्झौताले किसानले अझै पनि उखुको भुक्तानी पाउन नसकेको भन्दै उनीहरुले बक्यौता भुक्तानी भए मात्र आफूहरु तत्काल घर फर्कने बताएका छन् । सरकारी पत्रको जवाफ दिँदै उखु किसान सङ्घर्ष समिति सर्लाहीका अध्यक्ष रामस्वार्थ रायले उद्योगीले किसानलाई बक्यौता भुक्तानी नदिएसम्म आफूहरुको शान्तिपूर्ण आन्दोलन जारी रहने बताए ।
यता उद्योग मन्त्रालयले भने उखु किसानले उठाएका विषय सम्बोधन गर्न आतुर रहेको भए पनि किसान छलफलका लागिसमेत तयार नदेखिएको जनाएको छ ।
यसैबीच प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले सरकारले आफ्नो रोहबरमा कृषक र उद्योगीबीच भएको सहमतिलाई कार्यान्वयन गराउन नसक्नु अत्यन्तै लज्जास्पद विषय भएको बताएको छ । यस विषयमा सरकार उदासीन बनेको पनि काँग्रेसले आरोप लगाएको छ ।
काँग्रेसद्वारा गठित कृषि तथा पशुपन्छी विकास मन्त्रालय समन्वय समितिका संयोजक पदमनारायण चौधरीले विहीबार विज्ञप्ति गर्दै विगतमा सरकारी रोहबरमा कृषक र उद्योगी बीच भएको सहमति हालसम्म कार्यान्वयन नहुन दुःखद भएको बताए । सरकारलाई सहमति मात्र होइन कार्यान्वयन गराउन पनि अग्रसर हुनका साथै कृषकहरुको मागप्रति गम्भीर हुन काँग्रेसले सचेत गराएको छ ।

## स्थानीय...

थाल्ने गरी लागेका थियौं’, नगरप्रमुख विदुरकुमार कार्कीले भने, ‘तर सबै कक्षाका लागि पाठ्यक्रम बनाउने विषयमा विज्ञहरुबीचको लामो छलफल प्रक्रिया, पुस्तक छपाउने समय र शिक्षक व्यवस्थापनको पक्षले एकैपटक गर्न भ्याएनौं ।’ यद्यपि आउने शैक्षिक सत्र २०७८ मा कक्षा १ देखि ५ सम्म र एक वर्षपछि २०७९ मा कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम लागू हुने कार्कीको भनाइ छ ।
कक्षा १ देखि ८ सम्म लागू गरिएको स्थानीय पाठ्यक्रमअनुसार अब ‘बर्दिवास ज्ञानमाला’ नाउँ दिइएको नयाँ पुस्तक पठनपाठनको एक अतिरिक्त थप विषय बनेको छ । कक्षा भारअनुसार छात्रछात्राले क्रमशः एकपछि अर्को कक्षा हुँदै ८ सम्म पुग्दा आफ्नो नगर क्षेत्रको भूगोल, भाषा, जातजाति, संस्कृति परम्परा, धार्मिक र पर्यटकीय ठाउँहरु र यसको सम्भावना, सम्पदा, विकास प्रयत्न र थप सम्भावना, कृषि, बजार, स्थानीय उद्यम र सीप छनोटबारे आधारभूत जानकारी पाइसक्ने शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख दाहाल बताछन् ।
प्रदेशमै बर्दिवास नगरपालिकाले थालेको यो प्रयत्नबारे अब अन्य स्थानीय तहले पनि चासो बढाएका छन् । महोत्तरीकै भङ्गाहा, मटिहानी र छिमेकी जिल्ला धनुषाका मिथिला तथा सर्लाहीका लालबन्दी र हरिवन नगरपालिकामा स्थानीय पाठ्यक्रम निर्माणबारे छलफल हुन थालेको छ । भङ्गाहा नगरपालिकामा अब स्थानीय पाठ्यक्रमबारे कार्यसमितिमा छलफल गरिने नगरप्रमुख सञ्जीवकुमार साहले बताएका छन् । ‘हामी ढिला त भयौं, तर अब ढिलो गर्दैनौं’, नगरप्रमुख साहले भने, ‘आधारभूत तहका छात्रछात्रालाई आफ्नो परिवेशबारे जानकार बनाउन स्थानीय पाठ्यक्रमले निकै सघाउने बुझियो, हामी छलफल बढाउँछौं ।’
स्थानीय पाठ्यक्रम लागू गर्न सके बालबालिका बढी जिज्ञासु हुने र अन्य विषयको जानकारी बढाउन पनि सजिलो हुने शिक्षाविद्हरु बताउछन् । ‘आफ्नै वरपरका कुरा पठनपाठनकै विषय बन्ने भएपछि ती कुरा बालबालिकाले सहजरूपमा ग्रहण गर्छन्’, बर्दिवास बहुमुखी क्याम्पस बर्दिवास-१४ का प्राचार्य तोपबहादुर ठकुरी भन्छन्, ‘यसले बालबालिकामा अन्य विषयको पठनपाठन र सिकाइमा पनि सकारात्मक प्रभाव पार्छ ।’

## आर्थिक समाचार

# प्रभु बैंक डिबेञ्चर-२०८७ का लागि निष्काशन तथा बिक्री प्रबन्धक नियुक्ती

काठमाडौं । प्रभु बैंक लि. ले रु. १,०००।- अंकित दरको १० वर्षको भुक्तानी अवधिका लागि जारी गर्न लागेको “प्रभु बैंक डिबेञ्चर-२०८७” निष्काशन गर्नका लागि मेगा क्यापिटल मार्केट्स लि.लाई निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा नियुक्ति गर्ने सम्बन्धी सम्झौता भएको छ। उक्त सम्झौतामा प्रभु बैंक लि. का तर्फबाट प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन र मेगा क्यापिटल मार्केट्स लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुदयकान्त झाले हस्ताक्षर गरेका छन् । प्रभु बैंक लि. ले वार्षिक ८.५ प्रतिशतका दरले प्रत्येक तीन/तीन महिनामा ब्याज भुक्तानी हुने गरी रु. ४ अर्ब बराबरको “प्रभु बैंक डिबेञ्चर-२०८७” नामक ऋणपत्र सार्वजनिक निष्काशन गर्न लागेको छ । २ अर्ब ४० करोड रुपैयाँ बराबरको ऋणपत्र व्यक्तिगत तबरबाट र १ अर्ब ६० करोड बराबरको ऋणपत्र सर्वसाधारणमा निष्काशन गर्न लागेको हो । मेगा क्यापिटल मार्केट्स लि. निष्काशन तथा बिक्री प्रबन्धकत्वमा निकट भविष्यमा निष्काशन हुन लागेको रु. ४ अर्ब बराबरको “प्रभु बैंक डिबेञ्चर-२०८७” को ट्रष्टीको रुपमा पनि मेगा क्यापिटल मार्केट्स लि. लाई नै नियुक्त गर्ने सम्बन्धी सम्झौता पनि हस्ताक्षर भएको छ । नेपाल धितोपत्र बोर्डबाट आवश्यक स्वीकृति प्राप्त भएपश्चात् “प्रभु बैंक डिबेञ्चर-२०८७” सार्वजनिक निष्काशन गरिने बैंकले जनाएको छ ।

# ग्लोबल आइएमई बैंक र आइडिया नेपालबीच सहकार्यसम्बन्धी सम्झौता

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेड र आइडिया नेपालबीच सहकार्यसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर सम्पन्न भएको छ । सम्झौतामा ग्लोबल आइएमई बैंकको तर्फबाट बैंकका बजार व्यवस्थापन तथा प्रवर्द्धन विभाग प्रमुख शान्ता शिवाकोटी र आइडिया नेपालको तर्फबाट अध्यक्ष विन्द्रा कक्षपती प्रधानले हस्ताक्षर गरेका छन् । सम्झौता पश्चात् बैंकले आइडिया नेपालको अफिसिएल बैंकिङ्ग पार्टनरको रुपमा काम गर्नेछ र आइडिया नेपालका सम्पूर्ण सदस्यहरुलाई आवश्यक बैंकिङ्ग सेवामा विशेष सहुलियत प्रदान गर्नेछ । आइडिया नेपाल इन्टेरिएर डिजाइनरहरुको छाता संगठन हो । यो संस्था आफ्ना सदस्यहरुको वृत्ति विकासका साथै पेशागत हकहितका लागि कार्यरत रहेको छ ।

# नौ महिना पछि काठमाडौं-दिल्ली उडान नियमति उडान सुरु

काठमाडौं । काठमाडौं-दिल्लीको नियमित हवाई उडान बिहीबारदेखि सूचारु भएको छ। गत वर्षको चैत महिनादेखि बन्द रहेको दिल्ली-काठमाडौं उडान नौ महिनापछि सुचारु भएको हो । सरकारले चैत ११ पछि देशव्यापी लकडाउन र हवाई उडानमाथि प्रतिवन्ध लगाएको थियो । त्यसपछि बन्द भएको यो रुटमा नेपाल एयरलाइन्सको जहाजले पहिलो उडान गरको छ । अब दुई देशका नागरिक मात्रै उड्न पाउने गरी हवाई सेवा सुरु गरिएको हो । ए-३२० जहाजको उडानमार्फत् नेपाल एयरलाइन्सले पहिलो उडान भरेको प्रवक्ता करिश्मा श्रेष्ठले जानकारी दिइन् । नेपाल एयरलाइन्सले नेपालबाट १४१ यात्रु लिएर भारत उडेको हो । प्रवक्ता श्रेष्ठका अनुसार विमानले इकोनोमितर्फ १३५ र बिजनेस क्लासतर्फ ६ जनालाई लिएर भारत उडेको हो । भारतबाट आउने यात्रुको संख्या पनि राम्रै रहने उनले बताइन् । नेपाल एयरलाइन्सका अनुसार काठमाडौंबाट दैनिक एक जहाज दिल्ली जाने छ । यस्तै भारतबाट एयर इन्डियाले नयाँदिल्ली-काठमाडौं-नयाँदिल्ली उडान गर्नेछ । नेपाल र भारतबीच ‘एयर बबर’ स्किममा नियमित उडान सुरु भएको हो । यो स्किमअनुसार दुवै देशका विमान कम्पनीले दुई देशका नागरिकलाई मात्रै सेवा दिन सक्नेछन् ।

# नेकपा नेता नेम्वाङ र भाजपा नेता चौथाईवालाबीच भेटवार्ता

काठमाडौं । नेपाल भ्रमणमा रहेका भारतीय सत्तारुढ दल भारतीय जनता पार्टी (भाजपा) का विदेश विभाग प्रमुख विजय चौथाईवालाले सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङसँग भेटवार्ता गरेका छन् । भेटमा दुई नेताबीच नेकपा र भाजपाबीच भाइचारा सम्बन्ध बिस्तार गर्नेबारे छलफल भएको जनाइएको छ ।
चौथाइवाला नेकपा महासचिव विष्णु पौडेलको निमन्त्रणामा नेपाल भ्रमणमा आएका हुन् । भारतीय नेता चौथाईवाला बिहीबार प्रधानमन्त्री केपी शर्मा ओली र महासचिव पौडेलसँग भेटवार्ता गरेका थिए ।

## मन्त्री ज्ञवालीसँग भेट

काठमाडौं । नेपाल भ्रमणमा रहेका भारतीय जनता पार्टीको विदेश विभागका प्रमुख डा. विजय चौथाइवाले परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीसँग भेट गरेका छन् । सिंहदरबारमा भएको सो भेटका क्रममा नेपाल र भारतबीचका थुप्रै आपसी हितका विषयमा छलफल भएको चौथाइवालेले बताएका छन् । यसअघि उनी नेकपा संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङसँग शिष्टाचार भेटवार्ता गरेका थिए । नेकपाका महासचिव एवं अर्थमन्त्री विष्णु पौडेलको निमन्त्रणामा नेपाल आएका चौथाइवालेले बिहीबार प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेट गरेका थिए ।

## फोहोर व्यवस्थापनको प्रक्रिया सुरु

विराटनगर । शहरी क्षेत्रमा सञ्चालित अस्पतालहरुबाट निस्किएको फोहोर अव्यवस्थित हुँदा विभिन्न संक्रमणहरु फैलिन सक्ने त्रास बढेपछि प्रदेश १ सरकारले त्यसको व्यवस्थापनका लागि प्रक्रिया सुरु गरेको छ । प्रदेशभित्रका १४ वटा जिल्लाका सरकारी अस्पतालबाट निस्किएको फोहोरको व्यवस्थापनका लागि प्रक्रिया सुरु गरिएको प्रदेश १ का सामाजिक विकासमन्त्री जीवन घिमिरेले बताए ।

## ‘विवेकशील साझा उखु किसानको साथमा’

काठमाडौं । उखु किसानहरूले आफ्नो उत्पादन बिक्री गरेको वर्षौंदेखिको बक्यौता रकम उठाउन गरिरहेका सङ्घर्षमा विवेकशील साझा पार्टीले पूर्ण ऐक्यबद्धता व्यक्त गरेको छ । विवेकशील साझाले आइतबार एक विज्ञप्ति जारी गरी ‘आफ्नो पसिना र परिश्रमको प्रतिफल पाउन समेत सयौं किलोमिटर टाढा सङ्घीय राजधानी आएर प्रदर्शन गर्नुपर्ने दुखदायी परिस्थितिका लागि मूलतः सरकार जिम्मेवार छ ।’ उल्लेख गरेको छ । गत वर्ष पुष १८ गते उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले एक महिनाभित्रै चिनी उद्योगीहरूबाट किसानहरूलाई भुक्तानी दिलाइदिने सहमति गरेको थियो । तर उक्त सहमतिको झण्डै एक वर्ष भइसक्दा पनि त्यसको पूर्ण कार्यान्वयन नगर्नु र उखु किसान पुनः आन्दोलनका लागि काठमाडौं आएको थाहा पाएर सरकारले चिनी उद्योगी खोज्न थाल्नु खेदजनक रहेको विवेकशील साझाले जनाएको छ । ‘यसबाट सरकार आम किसानलाई न्याय दिलाउने पक्षमा छ भन्नेमा प्रशस्त आशंका उब्जिएको छ। यदि सरकार किसानको पक्षमा छ भने, हामी नेपाल सरकारलाई उखु किसानहरूले आइन्दा एक दिन पनि सङ्घर्ष गर्नु नपर्ने गरी समस्या समाधानका लागि तुरुन्त जिम्मेवार बन्न अनुरोध गर्दछौं ।’ विज्ञप्तिमा भनिएको छ ।




**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **राम** [illegible]**ल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madhes[illegible]il.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं